भेरी नगरपालिका

जाजरकोट

२०७९

भेरी नगरपालिकाको शिक्षाको आवधिक योजना

(२०७९/२०८० – २०८३/२०८४)

भेरी नगरपालिका

जाजरकोट

२०७९

आवधिक शिक्षा योजना (आ.व. २०७९/८० – २०८१/८२)

प्रकाशक : **भेरी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन मिति : २०७९

प्राविधिक सहयोग: **तेर दे जोम फाउन्डेसन/सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा.लि.**

सम्पर्कका लागि : नगर कार्यपालिकाको कार्यालय

खलंगा, जाजरकोट, कर्णली प्रदेश, नेपाल

फोन नं.: ०८९-४३०००२

ईमेलः bherimun@gmail.com

वेवसाइटः https://bherimun.gov.np

भेरी नगरपालिका
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

प्रकाशकीय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको जनताका प्रतिनिधिहरूले २०७२ मा बनाएको संबिधानको भावना अनुरुप देशमा संघ, प्रदेश र स्थानीय गरी तीनतहको सरकार हुने व्यवस्था भयो । संविधान र कानून बमोजिम तीनै तहका सरकारहरुले राज्यशक्तिको प्रयोग गर्ने, आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट बनाउने, सोको कार्यान्वयन र नतिजा मापन गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका/नगरपालिकाले स्थानीयस्तरको विकासकालागि आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यमकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासँग अनुकूल हुने गरी तर्जुमा गर्नु पर्ने कानूनी ब्यवस्था छ । सोही बमोजिम भेरी नगरपालिकाले आफ्नो क्षेत्रधिकार भित्रका विषयमा ऐन, नियमावली, कार्यविधि, नगर प्रोफाइल, गुरुयोजना, रणनीति योजना र वार्षिक योजनाहरु बनाउदै आएकोछ ।

शैक्षिक विकासलाई स्थानीय विकासको आधार मानिएको छ । *समृद्द नेपाल सुखी नेपाली* भन्ने नेपाल सरकारको दीर्घकालिन सोंचको एक महत्वपूर्ण आधारको रुपमा शिक्षालाई लिइएको छ । राष्ट्रिय शिक्षा निति, २०७६ ले "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" भन्ने दीर्घकालिन सोंच राखेको छ । यो सोंचलाई सार्थक बनाउन *अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७* लागु भएका छन् ।

सबै संघीय योजना तथा कानूनहरुको भूगोल स्थानीय तह भएको हुनाले यी व्यवस्थाहरुको प्रभावकारी कार्यन्वयनको लागि भेरी नगरपालिकाले पहिलो पटक आवधिक शिक्षा विकास योजना निर्माण गरेको छ । यो योजना तर्जुमा गर्दा सुशासन, बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिदै शैक्षिक क्षेत्रको विकास गर्ने सोंच, लक्ष्य, उद्देश्य र रणनितिहरु बनाईएका छन् ।

सहभागितामूलक योजना तर्जुमा प्रक्रिया बमोजिम कार्यपालिका सदस्यज्यूहरु, कार्यालय तथा शिक्षासँग सम्बन्धित विषयगत शाखाका प्रमुख कर्मचारीज्यूहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधिज्यूहरू, नागरिक समाज शिक्षक बुद्धिजीविका प्रतिनिधिज्यूहरु तथा संचारकर्मीज्यूहरु तथा लक्षित वर्ग तथा सरोकारवालाको प्रतिनिधित्व सुनिश्चित गरी यो योजना निर्माणमा गरिएको छ । यस कार्यको लागि महत्वपूर्ण भूमिका निर्बाह गर्नुहुने सबै प्रतिनिधिज्यूहरुलाई धन्यबाद व्यक्त गर्दछु । नगरपालिकाको यस प्रयासमा आर्थिक सहयोगका साथ साझेदारी गर्ने तेर दे जोम फाउन्डेसन र योजना तर्जुमा प्रकृयालाई सहजीकरण गर्ने Centre for Sustainable Development Studies Pvt. Ltd. तथा यसका विषयविज्ञहरु प्रति विशेष आभार प्रकट गर्दछु ।

धन्यवाद ।

श्री चन्द्र प्रकाश घर्ती
नगर प्रमुख

भेरी नगरपालिका
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

मन्तव्य

नेपालको संविधान मार्फत सामाजिक न्याय सहितको समानुपातिक, समावेशी शासकीय संरचना, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलव्धिहरु संस्थागत गर्न संघीय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएका छ । संघीय संरचना अन्तर्गत निर्वाचित स्थानीय सरकार लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारभूत मेरुदण्डका रुपमा रहेको छ । स्थानीय तह, प्रदेश र संघ बीच समन्वय, सहकार्य र सह अस्तित्वको सिद्धान्तका आधारमा–संबिधानले आ-आफ्नो कार्यक्षेत्र तोकीदिएको छ । यसै मर्मलाई मध्य नजर गर्दै, स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, विषयक्षेत्रगत रणनीतिक योजना, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ ।

यसै प्रावधान तथा नगरपालिकाको शिक्षा क्षेत्रको नतिजामूखि विकासका लागि आवश्यकता महसुस गरी भेरी नगरपालिकाको पहिलो आवधिक शिक्षा योजना तर्जुमा गरिएको छ । यसवाट नगरक्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जुमा तथा विकास प्रकृया लगायत नगरपालिकाको उत्थान तथा रुपान्तरणमा मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएकी छु । यो योजनाले पालिकाको शिक्षाक्षेत्रको बिकासलाई आगामी वर्षहरुमा कसरी र कहाँ लैजाने भन्ने कुरा दिशानिर्देश गर्ने विश्वास समेत लिएकी छु । यसका साथै शिक्षा क्षेत्रको विकास प्रति चासो व्यक्त गर्ने अन्य विकास साझेदारहरु तथा सरोकारवालाका लागि समेत यो आवधिक शिक्षा योजना महत्वपूर्ण र सहयोगी सिद्ध हुनेछ ।

यस आवधिक शिक्षा योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीयस्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था, तेर दे जोम फाउन्डेसन र प्राविधिक सहयोग गर्ने सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा.लि ., ललितपुरका प्रविधिक टोलीको योगदानको उच्च कदर गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद

.....

श्री सीता जैसी

नगर उपप्रमुख

भेरी नगरपालिका
भेरी नगरकार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

विषयः शुभकामना

विकास निरन्तर चलिरहने प्रक्रिया हो । विकासलाई गुणात्मक र परिमाणात्मक रुपमा सञ्चालन गर्नका लागि योजना आवश्यक पर्दछ । नेपालमा योजनाबद्ध विकासको सुरुवात वि.स. २०१३ सालबाट भएको हो । सीमित स्रोत साधनलाई प्रभावकारी रुपमा परिचालन गरी नगरपालिकाको विकास गर्नका लागि आवधिक, विषयक्षेत्रगत योजना निर्माण हुनु जरुरी छ । नेपाल सरकारले लिएको "समृद्ध नेपालः सुखी नेपाली" को सोंचलाई कार्यान्वयन गर्न राष्ट्रिय शिक्षा निति, २०७६ ले पनि "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" भन्ने दीर्घकालिन सोंच राखेको छ । यिनै लक्ष्य र उद्देश्यलाई स्थानीय तहमा कार्यान्वयन गर्न भेरी नगरपालिकाले तेर दे जोम फाउन्डेसनको आर्थिक लागत साझेदारी र सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा.लि. (CSDS) को प्राबिधिक सहयोगमा भेरी नगरपालिकाको आवधिक शिक्षा योजना (२०७९/८० – २०८३/८४) तयार गरेको छ ।

योजना तर्जुमा प्रकृयालाई सहभागितामुलक बनाउन वडास्तरीय छलफल तथा सूचना संकलन र पालिकास्तरीय छलफलहरु गरिएका छन् । बिभिन्न तहको छलफलमा सहभागी भै महत्वपूर्ण योगदान पुर्याउनु हुने नगरपालिकाका निर्बाचित पदाधिकारीहरु, कर्मचारीहरु, बुद्दिजिवी तथा सरोकारवाला सबैलाई धन्बाद ब्यक्त गर्दै छु । साथै योजना तर्जुमा प्रकृयामा आर्थिक साझेदारी सहित सहयोग गर्ने तेर दे जोम फाउन्डेसन तथा प्राबिधिक सहयोग गर्ने CSDS लाई बिशेष धन्यबाद दिदै यो आवधिक शिक्षा योजनाले भेरी नगरपालिकाको शैक्षिक बिकासमा अतुलनीय योगदान पुर्याओस भन्ने शुभकामना ब्यक्त गर्दछु ।

.....

श्री कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकीय अधिकृत

आवधिक शिक्षा योजनाको सारंस

विकास अवधारणा	विवरण
योजनाका प्राथमिकताका क्षेत्रहरु	१. बालविकास र शिक्षा २. आधारभूत शिक्षा ३. माध्यमिक शिक्षा ४. शिक्षक पेसागत विकास ५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, ६. विद्यालय सुशासन
दीर्घकालिन सोच	भेरीको सम्बृद्धिका लागि गुणस्तरीय शिक्षा
लक्ष्य	*"आधारभूत तथा माध्यमिक तहको शिक्षालाई जीवनोपयोगी, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन नगरपालिका भित्र विकास गर्ने ।"*
उद्देश्यहरु	१. नगरपालिका क्षेत्र भित्रका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालबिकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्नाहुने अवसर दिनु । २. सबै बलबालिकाका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चित गर्नु । ३. जीवनोपयोगी सिप विकासमा जोड दिँदै माध्यमिक शिक्षाको विद्यार्थी सक्षमतामा सुधार ल्याउनु । ४. शिक्षकमा परिवर्तित पाठ्यक्रम सापेक्ष पेशागत दक्षताको विकास गर्नु । ५. सबै नागरबासीलाई जीवनका लागि अति आवश्यक पर्ने विषयमा साक्षरता सीप उपलव्ध गराउँदै निरन्तर सिकाइका अवसर बृद्धि गर्नु । ६. विद्यालयहरुको संस्थागत क्षमता विकास गर्दै शैक्षिक सुशासन कायम गर्नु ।
रणनीतिहरु	१. प्रारम्भिक बालबिकास तथा शिक्षालाई विद्यालयीय कार्यक्रमको अभिन्न अंगकारुपमा विकास गरी नगर भित्रका सबै बालबालिकालाई अवसर दिने । २. नगर भित्रका सबै बालबालिकालाई पायक पर्ने गरी सबै विद्यालयहरुमा सुरक्षित, गुणस्तरीय, निःशुल्क र अनिवार्य आधारभूत शिक्षा (कक्षा १-८) को प्रबन्ध गर्ने । ३. माध्यमिक तहमा जीवनोपयोगी सिप विकासका लागि विद्यार्थीको रुचि बमोजिमको विषय छनोटमा अवसर दिँदै उच्च शैक्षिक उपलव्धि हासील गर्ने । ४. शिक्षक विकासका लागि परिवर्तित पाठ्यक्रमले माग गरेझैँ प्रविधि सहितको पेशागत दक्षताका अवसर उपलव्ध गराउने ।

विकास अवधारणा	विवरण
	५. सबै उमेर समूहका नागरिकहरुलाई आवश्यकता बमोजिमको साक्षरताको सीप विकास गर्दै उनीहरुको घर आँगनमै निरन्तर सिकाइका अवसर उपलव्ध गराउने । ६. कानुन बमोजिम बन्ने विद्यालयीय संरचनालाई अद्यावधिक गर्दै ती निकायहरुको क्षमता विकास गरी शैक्षिक सुशासन कायम गर्न जवाफदेही बनाउने ।
योजना लागि आवश्यक खर्च अनुमान	

क्र सं	**कार्यक्रम**	**बजेट रु हजारमा**
क	बालविकास र शिक्षा	३२९२५
ख	आधारभूत शिक्षा	**३३९३९२.८**
ग	माध्यमिक शिक्षा	३०७५२७
घ	शिक्षक पेसागत विकास	१७,५०५
ङ	साक्षरता तथा निरन्तर शिक्षा	१३९६५
च	विद्यालय सुशासन	४५६०
	जम्मा	७१५,८७४.८०

विषयसूची

आवधिक शिक्षा योजनाको सारंस .....

भेरी नगरपालिकाको आवधिक शिक्षा योजना..... 1

परिच्छेद एकः परिचय

१.१ पृष्ठभूमि..... 1

१.२ आवधिक शिक्षा योजनाको औचित्य..... 2

१.३ आवधिक शिक्षा योजना तर्जुमाका आधारहरु..... 3

१.४ आवधिक शिक्षा योजना तर्जुमा तथा प्रक्रिया 3

१.५ आवधिक शिक्षा योजना तर्जुमाका सिमाहरु..... 4

परिच्छेद दुईः

भेरी नगरपालिकाको शैक्षिक अवस्था

२.१ भेरी नगरपालिकाको संक्षिप्त परिचय 5

२जनसङ्ख्या .२. 6

२३ साक्षरताको स्थिति. 7

२१ विद्यालय संख्या.३. 7

२४ विद्.यालयहरुको भौतिक पूर्बाधार..... 11

२५. शिक्षकको उपलब्धता..... 11

२६. शैक्षिक उपलब्धी 12

२.७ शिक्षा क्षेत्रको वजेट र खर्चको प्रवृत्तिः..... 13

परिच्छेद तीनः आवधिक शिक्षा योजना

परिच्छेद चारः उपक्षेत्रगत योजना 19

४१ बालविकास र शिक्षा. 19

४२ आधारभूत शिक्षा. 23

४.३ माध्यमिक शिक्षा..... 29

३४ शिक्षक पेसागत विकास. 35

४ ५.साक्षरता तथा निरन्तर शिक्षा 39

४६ विद्यालय सुशासन. 43

परिच्छेद ५ कार्यान्वयन तथा अनुगमन व्यवस्था –..... 47

५१ परिचय. 47

५२ योजना कार्यान्.वयनको जिम्मेवारी 47

५३ श्रोत विश्लेषण...... 47

५४ स्रोत परिचालन तथा योजना कार्यान्वयन...... 50

५५ अनुगमन योजना. 51

अनुसूचीहरु 53

अनुसूची १सूचना संकलन फार्म :..... 53

अनुसूची २योजना तर्जुमा कार्यशाला तथा प्रमाणीकरण गोष्ठीको उपस्थिति विवरण :..... 55

भेरी नगरपालिकाको आवधिक शिक्षा योजना

परिच्छेद एकः परिचय

१.१ पृष्ठभूमि

शिक्षाको अपेक्षित लक्ष्य, उद्देश्य तथा नतिजा प्राप्त गर्न निश्चित अवधि भित्र गरिने कार्यको पूर्वनिर्णय नै शिक्षाको आवधिक योजना हो । योजना निर्माण गर्दा निर्धारित लक्ष्यमा पुग्न विकल्पको चयन गर्ने, आवश्यक स्रोत–साधन व्यवस्था गर्ने र समयसीमा निर्धारण गर्ने कार्य गरिन्छ । शिक्षाको योजनाले यस क्षेत्रमा गरिने क्रियाकलाप र प्रयोग हुने स्रोत–साधनको प्रबन्ध र उपयोगका लागि सहयोग, सहकार्य र लक्ष्य प्राप्तिको सुनिश्चितता बढाउँछ । योजना गतिशील हुन्छ । यसले शिक्षाका सरोकारवाला सबैलाई परिचालन गरि उद्देश्य प्राप्तिमा एकाकार गराउँछ । एक पटकको योजना सँधैको लागि उपयोगी हुँदैन । स्थानीय निकायको सहभागिताविना संघीय र प्रादेशिक योजनाको समेत सफल कार्यान्वयन हुन सक्दैन । स्थानीय तहले आफूले कार्यान्वयन गर्ने योजना आफैँ बनाउने कानूनी, शैद्धान्तिक र व्यावहारिक आधारलाई टेकेर भेरी नगरपालिकाले पहिलो पटक शैक्षिक योजना २०८०- २०८४ ल्याएको हो ।

शिक्षालाई समाज भित्रको ज्ञान, अर्थव्यवस्था, राजनीति, ईतिहास, भूगोल, संस्कृति, प्रविधि, मूल्य, मान्यता जस्ता विषयले प्रभावित तुल्याउँछ । अर्थात् समाजका अन्य पक्षलाई वेवास्ता गरेर शिक्षाको मात्र विकास हुन सक्दैन । शैक्षिक व्यवस्थापनसँग पनि समाजका बिभिन्न पक्ष जोडिएका हुन्छन् । समाज व्यवस्थासँगै शिक्षालाई डोऱ्याउन र शिक्षाका माध्यमबाट अन्य पक्षलाई सुधार गर्न शिक्षाको व्यवस्थित र स्थीर विकास हुन आवश्यक छ । नेपालको संविधानले परिकल्पना गरे बमोजिम आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक शिद्धान्तका आधारमा दिगो र सन्तुलित विकासको गतिलाई तिब्रता दिनका लागि योजनाबद्ध विकासको जरुरत पर्दछ । नगर क्षेत्रको विकास र समृद्धिका लागि आफ्नो योजना आफैँ बनाउने र कार्यान्वयन गर्ने अधिकार नगरपालिकामा निहित भएकोले सम्बन्धीत सरोकारवालाको प्रत्यक्ष सहभागितामा गणतन्त्र स्थापना पछि भएको भेरी नगरपालिकाको दोस्रो कार्यपालिकाले तत्काल लागुहुने गरी यो योजना निर्माण गरेको छ ।

१.२ आवधिक शिक्षा योजनाको औचित्य

भेरी नगरपालिका जाजरकोट जिल्लाको सदरमुकाम खलङ्गा रहेको नगरपालिका भए तापनि यसको भौगोलिक फैलावट धेरै विकटस्थान सम्म रहेको छ । यस नगरपालिकाका कतिपय परिवारमा रातदिन काम गर्दा पनि हातमुख जोर्न कठिन अवस्था कायमै छ । यस नगरपालिकाको विकास भन्नु नै बिभिन्न उपक्षेत्रहरुको समष्टिगत विकास हो । स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, उद्योगधन्दा, सञ्चार आदिको समुचित विकासबाट मात्र यस नगरको वास्तविक विकास सम्भव छ । शिक्षा विकासको मेरुदण्ड हो । शिक्षाले पूर्वबाल्यावस्थाका बालबालिका देखी बृद्धाबस्थाका नागरिक समेतलाई सरल जीवनयापनमा सहजता प्रदान गरेको हुन्छ । शिक्षाको योजनाबद्ध विकासले नगरपालिकाको समग्र विकासमा सघाउ पुऱ्याउँछ ।

भेरी नगरपालिकाको विशिष्ट अवस्थाको चर्चा गर्ने हो भने समुदायमा रहेका प्रारम्भिक बालबिकास उमेरका बालबालिका समेतमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यस समूहका सबै बालबालिकाको शारीरिक तथा बौद्धिक विकास समुचितरुपमा नहुँदा अस्वस्थ भइ माथिल्ला कक्षामा सिकाइ उपलव्धि कमजोर भएको पाइएको छ । विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरुले प्राथमिक कक्षाको चक्र सम्म पूरा गर्न नसकेको अवस्था छ । एकातर्फ कक्षा १ मा भर्ना भएका सबै बालबालिका कक्षा ८ सम्म नपुगी विद्यालय छाडेर बसेको अवस्था छ भने अर्का तर्फ कक्षा १० सम्म पुगेका बालबालिकाको शैक्षिक उपलव्धि अत्यन्त कमजोर हुँदा यस नगरपालिकाको शिक्षा विकासमा थप प्रयत्न गर्नु पर्ने देखिन्छ । विद्यार्थी संख्याको आधारमा विद्यालयको संख्या र तह निर्धारण गर्ने तथा कक्षा ११ र १२ मा विद्यार्थीको रुचि र स्थानीय खाँचोको आधारमा पाठ्य विषयको प्रबन्ध गर्नु पर्ने अवस्था छ । आफ्ना बालबालिकाको गूणस्तरीय शिक्षा प्राप्तिको खोजिमा कतिपय अभिभावकहरु नगरपालिका छाडेर बाहिर गएको अवस्था समेत छ । समयानुकुल शिक्षक क्षमता विकासका कार्यक्रम अपर्याप्तहुँदा शिक्षण परंपरागत हुँदै गएको छ । विद्यालयहरु न्यूनतम भौतिक पूर्वाधारको अभावमा पिल्सिएका छन् । नागरिकहरुमा अक्षर चिन्न नसक्ने र आफ्नो नाम लेख्न नसक्ने अवस्था अझै विद्यमान हुनुले नगरपालिकाको शैक्षिक अवस्थामा पुनरावलोकन गर्नु पर्ने स्थितिको सिर्जना भएको छ ।

यसरी हेर्दा शिक्षा क्षेत्रमा मात्र गर्नु पर्ने कामहरु पनि अनगिन्ती छन् । यो एकाएक चाहेजस्तो अवस्थामा आउन सक्दैन । यसका लागी समय र स्रोतको व्यवस्थाका साथै यस कार्यमा संलग्न पक्षको जिम्मेवारी तोकी सबैको सामूहिक प्रयासलाई एकीकृत गर्दै विद्यमान अवस्थामा सुधार ल्याउने परिवर्तनकारी योजनाको खाँचो पर्दछ । यस परिप्रेक्षमा भेरी नगरपालिकाको समग्र शैक्षिक

पक्षको चरणबद्ध र दीगो सुधार गर्नका लागि शिक्षाको आवधिक योजना बनाइ कार्यान्वयन गर्न यो आवधिक योजना बनेको हो ।

१.३ आवधिक शिक्षा योजना तर्जुमाका आधारहरु

नेपालको वर्तमान संविधानको अनुसूची ८ (स्थानीय तहको अधिकार) र ९ (संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार) ले दिएको अधिकार क्षेत्र, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को 'ज' ले दिएको अधिकार क्षेत्र र भेरी नगरपालिकाको शिक्षा ऐनलाई आधार बनाइ यो योजना तयार भएको छ । *राष्ट्रिय शिक्षा निति, २०७६ ले "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि"* भन्ने दिर्घकालिन सोंच राखेको छ । यो सोंचलाई पालना गर्न यस योजनाले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को सार्थक कार्यान्वयन गर्नु पर्नेछ । त्यस्तै गरी यो योजना बनाउँदा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना जस्ता कानुनी आधारहरुलाई ध्यान पुऱ्याइएको छ । त्यस्तै गरी यस आवधिक योजनाले भेरी नगरपालिकाको मध्यमकालिन खर्च संरचना, विकासका अन्तर्सम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जीत दायित्व, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु, यस नगरपालिकामा उपलव्ध हुनसक्ने स्रोत साधनहरु र भेरी नगरपालिकाका हरेक वर्षका वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको पक्षलाई समेत आधार मानेको छ ।

१.४ आवधिक शिक्षा योजना तर्जुमा तथा प्रक्रिया

राष्ट्रिय योजना आयोगको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" मा आवधिक योजना निर्माण गर्दा पालन गर्नु पर्ने विधिहरुलाई पालन गरी भेरी नगरपालिकाको शिक्षा विकासको पाँचवर्षे योजना तयार गरिएको छ । यस योजनाले नेपाल सरकारले हालका दिनमा अबलम्बन गरीरहेको पन्ध्रौं आवधिक योजना, विद्यालय शिक्षा क्षेत्रको योजना र नगर शिक्षा योजनासँग जोडिएका मुद्दाहरुमा संघीय र प्रदेश तहबाट जारी गरिएका निर्देशिकाहरुलाई आधार मानेको छ । यो योजना निर्माण कार्यमा नगरकार्यपालिकाका सदस्यहरु, विद्यालयका शिक्षकहरु, नगरपालिकाका कर्मचारी र शिक्षाप्रेमीको सहभागिता सहभागिता रहेको छ । योजना यस रुपमा आइपुग्दा अभिमूखीकरण तथा तयारी कार्यशालाको आयोजना गरी शिक्षा विकासको विद्यमान स्थिति तथा उपलव्धिको समिक्षा, वस्तुस्थिति विवरण तयारी, वस्तुस्थितिको विश्लेषण, एवं अद्यावधिकरण गरी सोच, लक्ष्य, उद्देश्य तथा रणनीति र प्राथमिकता निर्धारण गरिएको थियो । त्यस्तै गरी कार्यशालाले परिमाणात्मक लक्ष्य निर्धारण गरी संभाव्य स्रोतको आधारमा शिक्षाको आगामी पाँच वर्षे योजना तर्जुमा गरी दस्तावेजको मस्यौदा तयार पारेको थियो । मस्यौदा तयार

गर्दा यस नगरपालिकाको कार्यपालिका सदस्यहरुका साथै शिक्षक तथा प्रधानाध्यापक, शिक्षाका प्रशासकहरु समेतको योगदान रहेको थियो भने बिभिन्न स्रोतबाट आउने कार्यपालिकाको वार्षिक वजेटको समेत अध्ययन गरिएको थियो । यसरी तयार भएको शिक्षाको आवधिक योजनाको मस्यौदालाई पुःन छलफलका लागि नगरकार्यपालिकाका सदस्यहरु, शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षाप्रेमी तथा प्रशासक समक्ष प्रस्तुत गरी छलफलबाट आएका सुझावलाई सम्बोधन गरी यो अवस्थामा आएको हो । नगरकार्यपालिकाले यस योजनाको अनुमोदन गरेपछी कार्यान्वयनमा आउने कानुनी व्यवस्था छ ।

१.५ आवधिक शिक्षा योजना तर्जुमाका सिमाहरु

यस योजना निर्माण गर्दा प्रयोग भएका शैक्षिक तथ्याङ्कको मूल स्रोतहरु शैक्षिक सत्र २०७८ को शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत प्रत्येक विद्यालयले भरेको तथ्याङ्कको प्रकाशित स्रोत, राष्ट्रिय परीक्षा वोर्डको तथ्याङ्क र नगरपालिकाको शिक्षाशाखाबाट तयार गरिएको शैक्षिक स्थिति प्रतिवेदन र तथ्याङ्क केन्द्रिय तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङकहरु हुन् । गुणात्मक तथ्याङ्क सबै विद्यालयका प्रधानाध्यापक, शिक्षक, नगरकार्यपालिकाका सदस्यहरु, अभिभावक, शिक्षा प्रशासक तथा स्थानीय शिक्षाप्रेमीसँग भएको छलफललाई आधार मानी संकलन गरिएको छ । यस योजनाले शिक्षा क्षेत्रमा वर्षौंदेखी भइ आएका कामहरु र यो योजना नबनाए पनि निरन्तररुपमा चलिरहने कार्यक्रमलाई सम्बोधन गरेको छैन । यस योजनामा नयाँ कार्यक्रम सिर्जना गर्दा आर्थिक वर्ष २०७९/८० मा संघ प्रदेश वा स्थानीय तहमा अभ्यासमा रहेका कार्यक्रममा छुट्याइएको बजेटको नर्म्सलाई आधार मानिएको छ ।

परिच्छेद दुईः

भेरी नगरपालिकाको शैक्षिक अवस्था

२.१ भेरी नगरपालिकाको संक्षिप्त परिचय

भेरी नगरपालिका कर्णाली प्रदेशको पहाडी जिल्ला जाजरकोटमा पर्दछ । कर्णाली प्रदेशको प्रशिद्ध भेरीनदिको किनार सम्म फैलिएकोले यो नगरपालिकाको नाम भेरी रहन गएको हो । यस नगरपालिकाको कुल क्षेत्रफल २१९.७७ वर्ग कि.मि. छ । यस नगरपालिकाको पूर्वमा रुकुम जिल्ला, पश्चिममा जाजरकोट जिल्लाकै छेडागाड नगरपालिका, उत्तरमा त्रिवेणी नलगाड नगरपालिका र कुशे गाउँपालिका छन् भने दक्षिणमा सल्यान जिल्ला पर्दछ । जाजरकोट जिल्लाको सदरमुकाम समेत रहेको खलङ्गा लगायत पुन्मा, भूर र जगतीपुर गरी साबिकका ४ गा.वि.स.हरू मिलेर यो नगरपालिका स्थापना गरिएको हो । यस नगरपालिकाको स्थापना नेपाल सरकार मन्त्रीपरिषद्को २०७२ पौष २७ को निर्णयअनुसार भएको हो । स्थापनाका बखत यस नगरपालिकाको नाम भेरीमालिका नामाकरण गरिएको थियो । त्यसबखत् साविकका तीनओटा गा.वि.स.हरू खलङ्गा,



नक्शा १: भेरी नगरपालिकाको अवस्थिति नक्शा
श्रोतः स्थानीय तह पुनर्संरचना आयोगको प्रतिबेदन, २०७३

जगतीपुर र भूरले भेरी नदीलाई छोएको र पुन्मामा मालिका मन्दिर भएकोले सबै गा.वि.स.लाई समेट्ने गरी भेरीमालिका नामाकरण गरिएको थियो । स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदनका आधारमा मिति २०७३ फाल्गुण २७ गते बसेको नेपाल सरकार मन्त्री परिषद्को निणर्यअनुसार भेरी मालिका नगरपालिकाको नाम परिवर्तन गरी भेरी नगरपालिका नामाकरण गरिएको हो ।

यस नगरपालिकामा १३ ओटा वडाहरुमा छन् । हिमाली जिल्ला डोल्पा जाने कर्णाली मार्ग यसै नगरपालिका हुँदै जान्छ । यो नगरपालिका २८ डिग्रि ३६ मिनेट ४० सेकेन्ड उत्तर देखि २८ डिग्रि ४८ मिनेट २८ सेकेन्ड उत्तरी अक्षांश सम्म र ८२ डिग्रि ४ मिनेट ५ सेकेन्ड पूर्व देखि ८२ डिग्रि १७ मिनेट ३ सेकेन्ड पूर्वी देशान्तर सम्म फैलिएको छ ।

२.२. जनसङ्ख्या

२०७८ मा भएको राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भए अनुसार यस नगरपालिकाका ७,७४५ घरका ८,९६२ परिवारमा १८,६३६ पुरुष र १९,७३४ महिला गरी जम्मा ३८,३७० जना वसोवास गर्दछन् ।



श्रोतः CBS 2079



२०६८ को जनगणनाको प्रतिवेदन अनुसार यस नगरपालिकामा ५-९ वर्ष उमेर समूह अर्थात् आधारभूत तह कक्षा (१-५) मा पढ्ने बालबलिकाको संख्या ४,४२८ छ भने १०-१४ वर्ष उमेर समूह अर्थात् निमावि र मा वि तहमा पढ्ने उमेरका बालबालिकाको संख्या ४,९९६ रहेको छ ।

जातिगत हिसावले हेर्ने हो भने यहाँको सबै भन्दा ठूलो जनसँख्या ब्राम्हण छेत्री (३४%) हो भने सबै भन्दा थोरै जनजाति (१५%) बसोबास गर्दछन् ।

चित्र २: उमेर समूह अनुसार जनसंख्याको विवरण २०६८



श्रोतः राष्ट्रिय जनगणना २०६८, के. त. वि.

२.३ साक्षरताको स्थिति

एक दशक पहिलेको यस नगरपालिकाको कुनै क्षेत्रको साक्षरताको अवस्था हेर्दा पुरूष ६८.१४ प्रतिशत र महिला ५३.२५ प्रतिशत गरी जम्मा ६०.५२ प्रतिशत मात्र देखिनुले साक्षरता दर कम भएको स्थानीय तहको रुपमा चिनाउँछ । यस नगरपालिकामा कम उमेरमा विवाह गर्ने प्रचलन अझै रहेको तथ्याङ्कले देखाउँछ ।

तालिका १: **साक्षरताको स्थिति**

साक्षरता स्थिति	**जम्मा**	**पुरुष**	**महिला**
५ वर्ष वा सो भन्दा माथिको जनसंख्या	२९,२७८	१४,२८८	१४,९९०
पढ्न र लेख्न सक्ने	१७,७१८	९,७३६	७,९८२
पढ्न मात्र सक्ने	९३१	४१७	५,१४
पढ्न पनि नसक्ने	१०,६१४	४,१२७	६,४८७
उल्लेख नभएको	१५	८	७
साक्षरता दर (प्रतिशतमा)	६०.५२	६८.१४	५३.२५

१श्रोतः राष्ट्रिय जनगणना २०६८, के. त. वि.

२.३.१ विद्यालय संख्या

हाल यस नगरपालिकामा सामुदायिक तर्फ आधारभूत तहको एउटा धार्मिक विद्यालय समेत गरी जम्मा ५५ विद्यालय सञ्चालनमा छन् जस मध्ये आधारभूत तह तर्फ ४५ वटा र माध्यमिक विद्यालय तर्फ १० वटा छन् । त्यस्तै गरी १० वटा विद्यालय निजी क्षेत्रबाट चलेका छन् । यस नगरमा ४४ वटा बालबिकास केन्द्र र ४ वटा सामुदायिक सिकाइ केन्द्रका कार्यक्रम छन् । यस नगरपालिकामा मध्यपश्चिम विश्वविद्यालयको एउटा आंगिक क्याम्पस र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अनतर्गतको बहुप्राविधिक शिक्षालय समेत सञ्चालनमा छन् (तालिका २) ।

तालिका २: शिक्षण संस्थाको विवरण

विद्यालय/तह	सामुदायिक	संस्थागत	धार्मिक/गुरुकुल	जम्मा	कैफियत
आधारभूत तह (१-५)	३१	१०	१	४२	
आधारभूत तह (६-८)	१३	५	०	१८	
माध्यमिक तह (९-१०)	६	०	०	६	
माध्यमिक तह (११-१२)	४	०	०	४	
क्याम्पस (उच्च शिक्षा)	१	०	०	१	
जाजरकोट बहुप्राविधिक शिक्षालय	०	०	०	१	
बालविकास केन्द्र	४४	०	०	४४	२ वटा नपा अनुदान
सामुदायिक सिकाइ केन्द्र	४	०	०	४	१ वटा नचलेको
जम्मा	१०३	१५	१	१२०	

अन्य क्षेत्रमा झैँ यस नगरपालिकामा पनि शहरी क्षेत्रमा वालवालिकाहरु विद्यालय जानु अघि मन्टेश्वरी कक्षा जाने प्रचलन बढेको छ । ग्रामिण क्षेत्रमा भने कक्षा १ मा जानु अघि बालबिकास केन्द्रमा पढाउने व्यवस्था छ । वालबिकास शिक्षालाई प्राथमिक शिक्षाको आधारको रुपमा लिईन्छ । नगरपालिकाभित्रका विद्यालय भित्र पनि यो व्यवस्था रहेको देखिन्छ । ९०.४ प्रतिशत वालवालिकाहरु बालविकास केन्द्रको अनुभवबाट आएकाको देखिन्छ । यसलाई शतप्रतिशत बनाउनु शिक्षा योजनाको कार्य क्षेत्रमा पर्दछ ।

तालिका ३. कक्षा १ मा बालबालिकाको उपस्थिति

सूचक	छात्रा	छात्र	जम्मा
कुल भर्ना दर	६३.४	८१.५	७२.४
खुद भर्ना दर	५८.१	७५.६	६६.८
कक्षा १ मा बालबिकास तथा शिक्षाको अनुभवबाट आएका बालबालिकाको प्रतिशत	९२.२	९०.६	९१.४

तालिका ४: विद्यार्थी संख्याः

तह/विद्यालय	सामुदायिक			संस्थागत			धार्मिक/गुरुकुल			जम्मा
	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	
बालविकास	४८२	३९२	८७४	१८	७	२५	२२	१०	३२	९३१

आधारभूत तह (१-५)	२४५८	२४९१	४९४९	१९६	१२०	३१६	३१	३१	६२	५३२७
आधारभूत तह (६-८)	१५६७	१५१९	३०८६	३४	२०	५४	०	०	०	३१४०
माध्यमिक तह (९-१०)	८४६	९७६	१८२२	०			०			१८२२
माध्यमिक तह (११-१२)	३९१	४४२	८३३	०			०			८३३
जम्मा	६१४४	५८२०	११९६४	२४८	१४७	३९५	५३	४१	९४	१२०५३

भेरी नगरपालिकामा वसोवासका हिसावले दलित र जनजातिको बाहुल्यता छ । विद्यालयमा दलत र जनजातिका बालबालिकाको अनुपात उल्लेख्य देखिनु सकारात्मक पक्षको रुपमा लिन सकिन्छ ।

तालिका ५: जातिगत तथा अपाङ्गता भएका बालबालिकाहरु

तह	**प्रकार**	**छात्र**	**छात्र**	**जम्मा**
प्रारम्भिक बालबिकास तथा शिक्षामा	शारीरिक अपाङ्गाता	२	२	४
	दलित र जनजाति	७६	१०४	१८०
आधारभूत (१-५)	दलित	१,११४	१,०९२	२,२०६
	जनजाति	४२१	४२७	८४८
आधारभूत (६-८)	दलित	५७१	६१९	१,१९०
	जनजाति	२७६	२५८	५३४
माध्यमिक (९-१०)	दलित	३१९	२०४	५२३
	जनजाति	१५६	१२५	२८१
माध्यमिक (११-१२)	दलित	१०४	१०३	२०७
	जनजाति	५६	३१	८७

नगरपालिका भित्र विद्यार्थीहरुको संख्या सन्तोषजनक देखिन्छ तर खुद भर्नादर शतप्रतिशत नहुनु र जति कक्षा बढ्दै गयो उत्ति खुद भर्नादर घट्दै जानुले विचैमा विद्यालय छाड्नेहरुको संख्या धेरै छ भन्ने संकेत गर्दछ। त्यस्तै गरी कक्षा दोहोर्याउने विद्यार्थीको सख्या आधारभूत तहमा उल्लेख्य रहनुले थप प्रयासको खोजी गरेको बुझ्न सकिन्छ (तालिका ६ र ७) ।

तालिका ६: आधारभूत तहमा कुल र खुद भर्ना दर (GER and NER)

सूचक	छात्रा	छात्र	जम्मा	सूचक	छात्रा	छात्र	जम्मा
कक्षा १ मा GIR	१३५.१	१३४.६	१३४.९	कक्षा १ मा NIR	९८.८	९७.२	९८.०
GER (1-5)	१२३.८	१३६.६	१३०.२	NER (१-५)	९६.४	९७.३	९६.८
GER (6-8)	११६.९	१११.५	११४.२	NER (६-८)	९८.५	९७.६	९८.१
GER आधारभूत	१२०.३	१२४.०	१२२.२	NER आधारभूत	९७.५	९७.५	९७.५
GER (9-10)	११८.२	१०३.१	११०.६	NER (९-१०)	६७.२	६९.०	६८.१
GER(11-12)	१११.२	८५.१	९५.१	NER(११-१२)	३९.०	४६.६	४२.८

तालिका ७: विद्यार्थीहरुको उपलव्धि

तह	विद्यार्थी उत्तिर्ण प्रतिशतः			कक्षा दोहोऱ्याउने प्रतिशतः			कक्षा छाड्ने दर		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
आधारभूत (१–५)	८६.१	८३.६	८४.९	१०.४	१०.८	१०.६	२.२	२.५	२.३
आधारभूत (६–८)	९३.०	९३.३	९३.१	२.१	२.२	२.१	३.८	६.८	५.३
माध्यमिक (९–१०)	८०.३	७९.०	७९.७	२.९	५.१	४.०	१६.८	१५.९	१६.४

आधारभुत तह सम्म विद्यालयमा छात्रा छात्रको उपस्थिति बराबर देखिन्छ जुन राम्रो कुरा हो । माध्यमिक तहमा पुगे पछि पनि छात्रको भन्दा छात्राको संख्या बढि हुने देखिएको छ । गुणात्मक सुधार गर्नको लागि सबै भन्दा पहिले संख्यात्मक सुधार गर्नु पर्ने सरकारको निति बमोजिम महिलाको संख्यामा बृद्धि हुनु राम्रो भएता पनि केटाको संख्यामा कमि आउनुले नकरात्मक पक्षतिर संकेत गरेको समेत आभास हुन्छ (तालिका ८) ।

तालिका ८: लैङ्गिक समता सूचक (Gender Parity Index)

आधारभूत (१–५)	आधारभूत (६–८)	आधारभूत (१–८)	माध्यमिक (9-10)	माध्यमिक (11-12)	माध्यमिक (9-12)
१.०	१.०	१.०	१.२	१.१	१.२

छोरालाई शहरका संस्थागत विद्यालय र छोरीलाई सामुदायिक विद्यालय पठाउने चलनको कारण माथिल्ला तहमा महिला विद्यार्थीको संख्या बढि देखिएको हो भने यो चाहिँ सुधारयोग्य तथ्य हुन जान्छ ।

२.४ विद्यालयहरुको भौतिक पूर्बाधार

विद्यालयहरुको भौतिक पूर्बाधारलाई हेर्दा औषतमा एक विद्यालयको लागि २.१ वटा भवन रहेको देखिन्छ । विद्यालयहरुको तह, विद्यार्थीहरुको संख्या र अतिरिक्त विषयहरुको पढाइलाई मध्यनजर गर्ने हो भने यो संख्या कम हो भन्ने देखिन्छ । त्यसरी नै प्रति विद्यालय औषतमा ३ वटा कम्प्युटर रहेको देखिन्छ । कार्यालय प्रयोजनको लागि हो भने यो संख्या ठीकै हो भन्न मिल्छ तर विद्यार्थीलाई कम्प्युटर शिक्षा दिनको लागि भने यो पर्याप्त होइन । कुनै पनि विद्यालयमा ईन्टरने नभएको अवस्था छ । यस्ले विद्यालयहरुमा सञ्चार क्षेत्रको पहुँच कम्जोर छ भन्ने संकेत गर्दछ ।

नगरपालिका भित्र भएका ५५ वटा सामुदायिक विद्यालयमा मध्ये १९ वटामा धारा र २७ वटामा मात्र शौचालय भएको देखिन्छ । यस्ले विद्यालयहरुमा खानेपानी तथा सरसफाइको समस्या रहेको देखाउछ (तालिका ९) ।

संघियता कार्यान्वयनसँगै आव २०७४/७५ देखि हालसम्म भौतिक पूर्वाधार अन्तर्गत भवन तथा शौचालय तर्फ संघ, प्रदेश र स्थानीय तहबाट २३ वटा विद्यालयमा २ कोठे भवन, ५ वटा विद्यालयमा ४ कोठे भवन र १० वटा विद्यालयमा Wash सहित को शौचालय निर्माण भएका छन् । विद्यालयको कक्षाकोठा मर्मत ९ वटा विद्यालयमा, घेराबार निर्माण ११ वटा विद्यालयमा, फिल्ड निर्माण ७ वटा विद्यालयमा र फर्निचर निर्माण ४ वटा विद्यालयमा भएका छन् ।

तालिका ९: कक्षा १-८ सञ्चालिन विद्यालयमा भौतिक पूर्वाधारको अवस्था

औषत भवन	औषत कम्प्युटर	धारा	पुस्तकालय	बालक्लब	शौचालय	ईन्टर्नेट
२.१	३	१९	१	२६	२७	०

२.५ शिक्षकको उपलब्धता

शिक्षाको गुणस्तरको कुरा शिक्षकको संख्या र गुणस्तरमा भर गर्दछ । स्विकृत दर्बन्दी मध्ये प्राथमिक तहमा ५७.२ प्रतिशत, निमाविमा ३५.६ प्रतिशत र माध्यमिक तहमा २९.२ प्रतिशत मात्र शिक्षक दर्बन्दी पुर्ति भएको देखिन्छ (तालिका १०) । शैक्षिक गुणस्तरको लागि शिक्षक संख्या बृद्धि गराउनु पर्ने देखिन्छ ।

तालिका १०: मौजुदा शिक्षक दरवन्दी संख्या

प्रकार	प्राथमिक	निम्न माध्यमिक	माध्यमिक	मावि

							(९-१०)			(११-१२)
	पुर्ण	राहत	कुल	पुर्ण	राहत	कुल	पुर्ण	राहत	कुल	कुल
स्वीकृत शिक्षक दरबन्दी			२८३			११८			८९	९
पुर्ति	१२८	३४	१६२	२१	२१	४२	१३	१३	२६	१२
%			५७.२			३५.६			२९.२	
खाली दर्बन्दी			१२१			७६			६३	

२.६ शैक्षिक उपलब्धी

क. वि सं २०७८ को यसईई परीक्षाको नतिजालाई१० कक्षामा लिईने परिक्षालाई मापडण्द बनाएर हेर्दा यसमान्ने हो भने नगरपालिका भित्रका ९.९५ प्रतिशत विद्यार्थीले मात्र GPA मा A+ र A ल्याएका छन् भने ६४.२ प्रतिशतले B+ र B ल्याएको देखिन्छ (तालिका ११) ।

तालिका ११: SEE Rseult 2078 (BS)

विद्यालयको नाम	सबै विषयमा प्राप्त ग्रेड									
	A+	A	B+	B	C+	C	D+	D	E	Abs
त्रिभुवन मा वि, खलंगा	४१	७८	१४३	१८७	३७९	१४८	०	०	०	०
सरस्वती मा वि पुन्मा	२०	८३	२६५	१७७	३२	८	०	०	०	७
विजया मा वि ,छिप्रेना काफलचौर	०	०	१४४	१२८	१८४	८	०	०	०	८
शंकर भवन मा वि ,बाहुनथान खलंगा	०	२०	५८	१४७	५७	१४	०	०	०	०
शिव शंकर मा वि ,जगतिपुर	०	२९	९८	१३२	५८	३२	३	०	०	०
दिपेन्द्र मा वि ,भुर	३	१९	६२	९८	७२	३४	०	०	०	२४
शिव मा वि ,कालेगाउँ	८	४३	५७	४४	४	४	०	०	०	०
त्रिभुवन उ मा वि. खलंगा	०	०	९	११६	१५	२७	९	०	०	०
भेरी त्रिवेणी मा वि खलंगा	४	४४	११५	१२८	५१	२	०	०	०	०
लक्ष्मी मावि, भेरे पुन्मा	०	९	५४	१६७	५०	०	०	०	०	८
श्री भगवती मा वि ,जगतिपुर	०	४०	२३२	२३८	१	१	०	०	०	०
जम्मा	७६	३६५	१२३७	१५६२	९०३	२७८	१२	०	०	४७

आधारभूत तहमा कक्षा ५ मा नेपाली, अंग्रेजी र गणितमा न्यूनतम सिकाइ उपलव्धी हासिल गर्ने विद्यार्थी ६० प्रतिशत पनि पुगेका छैनन् भने कक्षा ८ मा गणित र अंग्रेजीको दाँजोमा गणितमा न्यूनतम सिकाइ उपलव्धी कमजोर रहेको पाइन्छ ।

ख. कक्षा ५ र ८ मा विषयगत सिकाइ उपलव्धी

क्र सं	सूचक	विषय	राष्ट्रिय	स्थानीय

१	कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%)	नेपाली	४५	५७.७
		गणित	२८.३	५७
		अग्रेजी		५७.३
२	कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%)	नेपाली	६८.५	६६.७
		गणित	५३.५	५६.८
		अग्रेजी	४३.८	६४.७

२.७ शिक्षा क्षेत्रको वजेट र खर्चको प्रवृत्तिः

आव २०७८/७९ का लागि यस नगरपालिकालाई संघीय सरकारबाट शिक्षा क्षेत्रका लागि प्राप्त ससर्त वजेट रु २० करोड ९७ लाख ८१ हजार प्राप्त भएकोमा २० करोड २३ लाख ९७ हजार करिब ९६.५ प्रतिशत वित्तीय प्रगति भएको छ । त्यस्तै स्थानीय सरकारलाई प्राप्त समानीकरण वजेटको बाँडफाँड गरी शिक्षा क्षेत्रका लागि छुट्टयाइएको कुल वजेट रु २ करोड ३५ लाख रुपैंयाँमध्ये रु २ करोड १५ लाख बत्तीस हजार सात सय अन्ठानब्बे करिब ९२ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ ।

प्राविधिक शिक्षामा सबै बालबालिकाहरुको पहुँच पुऱ्याउन र दक्ष जनशक्ति उत्पादन गर्न नगरपालिकाको पहलमा जाजरकोट बहुप्राविधिक शिक्षालयको स्थापना भएको छ।

समग्रमा नगरपालिकाको शैक्षिक अवस्था मध्यम देखिन्छ । शैक्षिक गुणस्तरमा सुधार ल्याउनको लागि निकै मेहनत गर्नु पर्ने देखिन्छ ।

परिच्छेद तीनः आवधिक शिक्षा योजना

३.१ परिचय

योजनाको प्राथमिकताः गुणस्तरीय शिक्षा

आजको शिक्षा विकासको योजना गुणस्तरीय शिक्षा प्राप्तिका लागि हो । गुणस्तरीयता सापेक्षिक हुन्छ । गुणस्तरीय शिक्षाका मापदण्डहरुमा समानता नभए पनि राज्यले तय गरेको शिक्षा नीति, शिक्षाको व्यक्तिगत, सामाजिक र राष्ट्रिय उद्देश्य प्राप्तिका लागि निर्माण गरिएका पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यालयको भौतिक सुविधा, पठनपाठनको वातावरण एवं मूल्याङ्कन जस्ता कुराहरुले गुणस्तरीय शिक्षामा भूमिका खेल्दछ । यसका साथै बिषयगत शिक्षकहरुको योग्यता, शिक्षण सिप, पेशा प्रतिको जवाफदेहीता र शैक्षिक व्यवस्थापन गुणस्तरीय शिक्षामा प्रभाव पार्ने माध्यम हुन् । गुणस्तरीयता कायम गर्नका लागि राज्यले लामो समयदेखी अपनाएका अभ्यासमा स्थानीय तहले गति दिन सक्ने भएकोले यस योजनालाई गुणस्तरीय शिक्षा प्राप्तिको योजना मानिएको हो । अन्तर्राष्ट्रिय मञ्चमा नेपालले समेत आफ्नो प्रतिवद्धता जनाएको "दिगो विकासका लक्ष्यहरु, २०३०" ले आफ्नो प्रमुख लक्ष्यका रुपमा समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितिता कायम गर्नु र जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्द्धन गर्नुलाई लिएको छ । यो दशक संसारका अन्य राष्ट्रहरु झैँ नेपाल पनि यही लक्ष्य प्राप्तिका लागि समर्पित छ । स्थानीय तहको सकृयताबाट मात्र राष्ट्रिय लक्ष्य प्राप्त हुन सक्ने मानी भेरी नगरपालिकाले यो योजना बनाइ कार्यान्वयनमा ल्यएको छ ।

३.२ शैक्षिक योजनाका प्रमुख क्षेत्र

यस योजनामा गुणस्तरीय शिक्षा प्राप्तिका लागि देहायका छ क्षेत्रहरूलाई प्राथमिकतामा राखेको छ -

क) बालविकास र शिक्षा

ख) आधारभूत शिक्षा

ग) माध्यमिक शिक्षा

घ) शिक्षक पेसागत विकास

ङ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

च) विद्यालय सुशासन

३.३ दूरदृष्टि

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हालै प्रकाशीत गरेको शिक्षाको सोचपत्र-२०७९ को दीर्घकालिन दृष्टिकोणमा "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" रहेको छ । त्यस्तै गरी विद्यालय शिक्षा क्षेत्र योजना २०२२/०२३-२०३१/०३२ ले "आर्थिक र सामाजिक रुपान्तरणका माध्यमबाट सुखी नेपाली, समृद्ध नेपालको आकाँक्षा पूरा गर्न सक्षम, सिर्जनसील र मूल्यमा आधारित नागरिकको उत्पादन गर्ने" दृष्टिकोण राखेको छ । यसै सन्दर्भमा भेरी नगरपालिकाको ५ वर्षे आवधिक योजनाले देहायको दूरदृष्टीको स्वप्न राखेको छ ।

भेरीको सम्बृद्धिका लागि गुणस्तरीय शिक्षा

३.४ लक्ष्य

"आधारभूत तथा माध्यमिक तहको शिक्षालाई जीवनोपयोगी, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन नगरपालिका भित्र विकास गर्ने ।"

३.५ उद्देश्य

यस शिक्षा आवधिक योजनाका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् --

१. नगरपालिका क्षेत्र भित्रका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालबिकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्नाहुने अवसर दिनु ।
२. सबै बलबालिकाका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चित गर्नु ।
३. जीवनोपयोगी सिप विकासमा जोड दिँदै माध्यमिक शिक्षाको विद्यार्थी सक्षमतामा सुधार ल्याउनु ।
४. शिक्षकमा परिवर्तित पाठ्यक्रम सापेक्ष पेशागत दक्षताको विकास गर्नु ।
५. सबै नागरबासीलाई जीवनका लागि अति आवश्यक पर्ने विषयमा साक्षरता सीप उपलव्ध गराउँदै निरन्तर सिकाइका अवसर बृद्धि गर्नु ।
६. विद्यालयहरुको संस्थागत क्षमता विकास गर्दै शैक्षिक सुशासन कायम गर्नु ।

३.६ योजनाका रणनीतिहरु

१. प्रारम्भिक बालबिकास तथा शिक्षालाई विद्यालयीय कार्यक्रमको अभिन्न अंगकारुपमा विकास गरी नगर भित्रका सबै बालबालिकालाई अवसर दिने ।

२. नगर भित्रका सबै बालबालिकालाई पायक पर्ने गरी सबै विद्यालयहरुमा सुरक्षित, गुणस्तरीय, निःशुल्क र अनिवार्य आधारभूत शिक्षा (कक्षा १-८) को प्रबन्ध गर्ने ।

३. माध्यमिक तहमा जीवनोपयोगी सिप विकासका लागि विद्यार्थीको रुचि बमोजिमको विषय छनोटमा अवसर दिँदै उच्च शैक्षिक उपलव्धि हासील गर्ने ।

४. शिक्षक विकासका लागि परिवर्तित पाठ्यक्रमले माग गरेझैँ प्रविधि सहितको पेशागत दक्षताका अवसर उपलव्ध गराउने ।

५. सबै उमेर समूहका नागरिकहरुलाई आवश्यकता बमोजिमको साक्षरताको सीप विकास गर्दै उनीहरुको घर आँगनमै निरन्तर सिकाइका अवसर उपलव्ध गराउने ।

६. कानुन बमोजिम बन्ने विद्यालयीय संरचनालाई अद्यावधिक गर्दै ती निकायहरुको क्षमता विकास गरी शैक्षिक सुशासन कायम गर्न जवाफदेही बनाउने ।

३.७ सबै उपक्षेत्रका साझा कार्यनितिहरुः

क) विद्यालयहरुमा कुनै पनि प्रकारको भौतिक संरचनाको निर्माण गर्दा दीगो, वातावरणमैत्री र अपाङ्गमैत्री हुने व्यवस्थाको सुनिश्चितता गरिने छ ।

ख) विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गर्दै सिकाइका लागि विद्यालय कार्यघण्टाको अर्थपूर्ण सदुपयोग गर्ने व्यवस्था मिलाईने छ ।

ग) बालमैत्री नगरको घोषणा गरी कार्यान्वयन गरिनेछ ।

३.८ सूचकमा आधारित नतिजा खाका (Result-based Logframe)

भेरी नगरपालिकाको शिक्षा आवधिक योजनालाई कार्यन्वयन गर्न र उपलब्धीको मापन गर्नको लागि यो नतिजा खाका तयार गरिएको छ ।

तालिका ३.८.१ **सूचकमा आधारित नतिजा खाका (Result-based Logframe)**

नतिजा सूचक (Result-based Indicators)	इकाई	आधार वर्ष २०७८/८९ को अवस्था	आगामी ५ वर्षको लक्ष्य (आ.व. अनुसार)					प्रमाणिकता (Evidence)
			२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	
असर (Outcome): समाबेशीता सहित शिक्षाको गुणस्तरमा सुधार आएको हुने								
५ वर्ष माथीका साक्षरता दर	प्रतिशत	६०.५२	६४	६७	७०	७२	७५	EMIS, Profile
कक्षा १-१२ को लैङ्गिक समता सूचकाङ्क	सूचकाङ्क	१.०८	१	१	१	१	१	EMIS, Profile
SEE मा GPA A भन्दा बढि ल्याउने	प्रतिशत	९.९५	१५	२०	२५	३०	३५	EMIS, Profile
SEE मा A+ ल्याउने मा वि	संख्या	५	७	९	१०	१०	१०	EMIS, Profile
विद्यार्थी उत्तिर्ण दर (१-८)	प्रतिशत	८९	९०	९१	९२	९३	९४	EMIS, Profile
विद्यार्थी उत्तिर्ण दर (९-१२)	प्रतिशत	७९.७	८०	८१	८२	८३	८४	EMIS, Profile
कक्षा १-८ मा टिकाउ दर	प्रतिशत	९२	९३	९४	९५	९६	९७	EMIS, Profile
प्रतिफल (Outputs): विद्यालय व्यस्थापनमा सुधार ल्याई शैक्षिक क्षेत्रको आधार तयार हुने								
शिक्षक पदपूर्ति (प्राथमिक)	प्रतिशत	५७.२	६०	६५	७०	७५	८०	EMIS, Profile
शिक्षक पदपूर्ति (निम्न माध्यमिक)	प्रतिशत	३५.६	४०	५०	५५	६०	६५	EMIS, Profile
शिक्षक पदपूर्ति (माध्यमिक ९-१०)	प्रतिशत	२९.२	३५	४५	५०	५५	६०	EMIS, Profile
कक्षा १ मा बालबिकास तथा शिक्षाको अनुभवबाट आएका बालबालिका	प्रतिशत	९१.४	९२.५	९४	९५	९६	९७	EMIS, Profile
कक्षा १-५ मा खुद भर्ना दर	प्रतिशत	९६.८	९७.५	९८	९८.५	९९	९९	EMIS, Profile

कक्षा १-८ मा खुद भर्ना दर	%	९७.५	९८	९८.५	९९	९९.५	१००	EMIS, Profile
खुद भर्ना दर कक्षा ११-१२	प्रतिशत	४२.८	४५	५०	५५	६०	६५	EMIS, Profile

परिच्छेद चारः उपक्षेत्रगत योजना

४.१ बालविकास र शिक्षा

४.१.१ परिचय

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । प्रारम्भिक बाल बिकासको अबसर पाएका बालबालिकाको कक्षा १ को सिकाइ उपलव्धी धेरै हुने सर्बब्यापी विश्वास रहेका कारण भेरी नगरपालिकाले पनि विद्यालय तहको शिक्षामा यस कार्यक्रमलाई प्राथमिकता दिएको छ ।

४.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा भएका जम्मा ४२ वटा संघीय सरकारको अनुदानबाट, २ वटा नगरपालिकाको अनुदानबाट गरी जम्मा ४४ वटा बालविकास केन्द्रमा छात्रा ४४९ र छात्र ५६९ गरी जम्मा १०१८ जना छात्रछात्रा भर्ना भएका छन् । नगरपालिकाको एक विद्यालयमा औषत २२.६ को अनुपातमा यस तहका बालबालिका पर्दछन् भने लैङ्गिक भिन्नता अनुपात ०.८ पर्दछ ।

यस तहमा वास्तविक उमेर समूहका बालबालिकाको भर्ना दर ६६.८ छ भने जम्मा भर्ना दर ७२.४ छ । यस नगरपालिकाका विद्यालयमा कक्षा १ मा भर्ना भएका विद्यार्थी मध्ये बालबिकास तथा शिक्षाका कक्षाबाट आउने ९१.४ प्रतिशत छन्। बालबिकास तथा शिक्षाका कक्षाहरुमा दलित र जनजाति समुदायबाट छात्र १०४ र छात्रा ७६ गरी जम्मा १८० जना छात्रछात्रा अध्ययनरत छन् । यस तहमा हाल शारीरिक अपाङ्गता भएका जम्मा ४ जना बालबालिका अध्ययनरत छन् । नगरपालिका भरमा कति बालबालिकामा अपाङ्गता छ सो को पहिचान गरी सबै बालबालिकालाई बालबिकासका अवसर उपलव्ध गराउनु जरुरी छ ।

४.१.३ बाल बिकास तथा शिक्षा कार्यक्रमका प्रमुख चुनौतिहरु

सबै विद्यालयमा प्रारम्भिक बाल शिक्षा कक्षाका लागि भौतिक पूर्वाधार तर्फ स्तरीय कक्षाकोठा, सिक्ने र खेल्ने सामग्रीको अभाव छ भने कक्षाको सहजिकरणका लागि तालिम प्राप्त

बालबालिकास शिक्षकको अभाव छ । कमजोर अवसर र न्यून सुविधाका कारण बालबिकास शिक्षकको टिकाउ दर कम छ । यस तहमा दलित र जनजाति समुदायबाट आउने बालबालिकाको संख्या न्यून छ । अपाङ्गता भएका सबै बालबालिकाहरु बालबिकास केन्द्रमा उपस्थित छैनन् । बालबिकासमा कार्यरत शिक्षकलाई स्थानीय तहले मासिक रु ८ हजार थप गरी रु १५,०००/- मासिक तलव पुऱ्याइदिएको छ । यसको निरन्तरता चुनौतिको विषय बन्न पुगेको छ । यस तहमा दैनिक सिप सिकाइ क्रियाकलाप, विषयगत सिप विकास क्रियाकलाप र अन्य गतिविधिका लागि छुट्याइएको समयको पूर्ण पालना गर्ने परिबन्ध मिलाउनु पर्ने छ । विकास, नियमितता तथा सुरक्षाका लागि बालबिकास तथा शिक्षाका केन्द्रलाई विद्यालयको संरक्षणमा मात्र राख्नु पर्ने अवस्था छ । यसले बालविकास तथा शिक्षाका लागि अलग्गै संरचनाको माग नगरी विद्यालयमा भएकै पूर्वाधारमा विकास गर्न सकिने अवस्थाको सिर्जना गर्दछ ।

४.१.४ उद्देश्यः

नगरपालिका क्षेत्र भित्रका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालबिकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्नाहुने अवसर दिलाउनु ।

४.१.५ रणनितिः

प्रारम्भिक बालबिकास तथा शिक्षालाई विद्यालयीय कार्यक्रमको अभिन्न अंगकारुपमा विकास गरी नगर भित्रका सबै बालबालिकालाई अवसर दिने ।

४.१.६ कार्यनितिहरु

क) पहिले देखी सञ्चालनमा आएका तर न्यूनतम पूर्वाधार नभएका बालबिकास तथा शिक्षाका कक्षामा क्रमशः न्यूनतम पूर्वाधारको विकास गरिनेछ ।

ख) थप गरिएका सबै कक्षाका लागि कम्तिमा एकजना महिला शिक्षकको व्यवस्था गरिनेछ ।

ग) बालबिकासका सबै शिक्षकलाई वार्षिक रुपमा कम्तिमा ५ दिनको तालीम दिइनेछ ।

घ) नगरपालिकामा एउटा वडामा एउटा नमूना बालबिकास केन्द्रको बिकास गरिनेछ ।

४.१.७ कार्यक्रम

क) **बालबिकास तथा शिक्षाका थप कक्षा सञ्चालन कार्यक्रमः** हाल यस नगरपालिकामा सञ्चालित ५५ वटा सामुदायिक विद्यालय मध्ये ४४ वटामा मात्र बालबलिकास तथा शिक्षाको कक्षा भएकोमा बाँकी १० वटा विद्यालयमा पनि सञ्चालन गर्ने ।

ख) **बालबिकास तथा शिक्षाका कक्षाको न्यूनतम भौतिक पूर्वाधारको व्यवस्थापन कार्यक्रमः** हाल भएका र नयँ थप गरिएका सबै बालबिकास तथा शिक्षाका कक्षामा (प्रति बालबिकास केन्द्र २० जना बालबालिकाको क्षमता रहने गरी उपयुक्त बालमैत्री कक्ष, सिकाइ सामग्री, खेल सामग्री, खेल मैदान, बालमैत्री शौचालय, दिवा खाजा व्यवस्था र बिजुलीबत्ती सहितको) न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था गर्ने ।

ग) दिवा खाजा कार्यक्रमः सबै बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्था गर्ने ।

४.१.७ कार्ययोजना

क्र सं	कार्यक्रम	प्रगति वर्ष					बजेट रु हजारमा	कैफियत	स्रोत
		२०८०	२०८१	२०८२	२०८३	२०८४			
१	थप १० वटा नयाँ केन्द्रको तयारी	२५	०	०	०	०	२५		नगरपालिका
२	नयाँ केन्द्रमा न्यूनतम भौतिक पूर्वाधार विकास	१०००	१०००	१०००	१०००	१०००	५०००		प्रदेश सरकार नगरपालिका संघसंस्था
३	पुराना ४४ केन्द्रमा न्यूनतम भौतिक पूर्वाधार थप	१०००	१०००	१०००	१०००	१०००	५०००		प्रदेश सरकार नगरपालिका संघसंस्था
४	नयाँ केन्द्रमा महिला शिक्षकको व्यवस्था	१९५०	१९५०	१९५०	१९५०	१९५०	९७५०	वर्षमा १३ महिनाको मासिक रु १५०००	प्रदेश, नगरपालिका, संघसंस्था
५	सबै शिक्षकलाई वर्षमा ५ दिनको तालीम	५००	५००	६००	६००	७००	२९००		संघ,प्रदेश, नगरपालिका संघसंस्था
६	वडामा एउटा केन्द्रको नमूना विकास	०	०	६५००	०	०	६५००		नगरपालिका
७	थप गरिएका केन्द्रमा दिवा खाजाको व्यवस्था	७५०	७५०	७५०	७५०	७५०	३७५०	वार्षिक १० महिना एक बालबालिका दैनिक रु १५	संघ,प्रदेश, नगरपालिका संघसंस्था
	जम्मा	५२२५	५२००	११८००	५३००	५४००	३२९२५		

४.२ आधारभूत शिक्षा

४.२.१ परिचय

नेपालको वर्तमान संविधानले आधारभूत शिक्षा प्राप्त गर्ने हकलाई हरेक नागरिकको मौलिक हककारुपमा स्थापित गरेको छ । शिक्षा ऐन, २०२८ को नवौं संशोधन अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ । यस खण्डमा उल्लेखित आधारभूत शिक्षामा ५ वर्ष पूरा गरेका १३ बर्ष सम्मका बालबालिकाले अध्ययन गर्ने कक्षा १ देखी ८ सम्मको शिक्षालाई लिइएको छ । यस योजनाले राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले सिकाइको क्षमतास्तर अनुसार वर्गिकरण गरेको तह १, २ र ३ ले अपेक्षा गरेको उद्द्श्य पूरा हुने गरी सुधार गर्ने कार्यक्रम लक्ष्य लिइको छ । यस तहमा पाठ्यक्रम कार्यान्वयनका दृष्टिकोणले कक्षा १-३, ४-५ र ६-८ गरी तिन भागमा बिभाजन गरिएको सबै तहलाई समष्टिगतरुपमा उल्लेख गरिएको छ ।

४.२.२ वर्तमान अवस्था

भेरी नगरपालिकाको शैक्षिक सत्र २०७९ को शैक्षिक तथ्याङ्कले जनाए अनुसार यस नगरपालिकामा सामुदायिक तर्फ कक्षा १-५ सञ्चालित ३१, धार्मिक प्रकृतिको गुरुकुल आधारभूत विद्यालय एक वटा र कक्षा १-८ सञ्चालित १३ वटा गरी जम्मा ४५ वटा आधारभूत विद्यालयहरु छन् । संस्थागत तर्फ कक्षा १-८ सञ्चालित ५ वटा र कक्षा १-५ सञ्चालित ७ वटा गरी जम्मा १२ वटा विद्यालय सञ्चालनमा छन् । यसरी हेर्दा सामुदायिक र संस्थागत गरी जम्मा ५७ वटा विद्यालयले आधारभूत तहको शिक्षाको सुविधा प्रदान गरिरहँदा यस नगरपालिकामा बालबालिकाका संख्या र भौगोलिक अवस्थितिका कारण थप आधारभूत विद्यालयको स्थापना गर्नु पर्ने अवस्था छैन ।

सन् २०२२ को फ्लास रिपोर्टमा उल्लेख भए अनुसार यस तहको कक्षा १-५ मा ४९२५ जना र अध्ययनरत छन् भने कक्षा ६-८ मा ११०२ जना छात्रछात्रा अध्ययनरत छन् । यसरी कक्षा १ देखी ८ सम्म ३०१२ जना छात्रा र ३०१५ जना छात्र गरी जम्मा ६०२७ जना छात्रछात्रा अध्ययनरत देखिन्छन् । यस नगरपालिकामा कक्षा १-५ सञ्चालित एउटा धार्मिक विद्यालय छ जसमा ३१ जना छात्र र ३१ जना छात्रा गरी जम्मा ६२ जना अध्ययनरत छन् । यसबाट कक्षा ५ पूरा गर्ने सबै विद्यार्थी कक्षा ८ सम्म पुग्न नसक्ने अवस्था देखिन्छ ।

यस नगरपालिकाका आधारभूत तहमा अध्ययनरत दालित समुदायका बालबालिका मध्ये कक्षा १-५ मा २२०६ जना र कक्षा ६-८ मा ११९० जना अध्ययनरत हुनुले उक्त समुदायका सबै बालबालिका विद्यालय नआउने र कक्षा ५ पूरा गरेका सबै बालबालिका कक्षा ८ सम्म नपुग्ने अवस्था देखिन्छ ।

यस नगरपालिकामा वसोवास गर्ने जनजाति समुदायका बालबालिका मध्ये कक्षा १-५ मा ८४८ जना र कक्षा ६-८ मा ५३४ जना अध्ययनरत छन् । यो संख्यामा नगरपालिकामा वसोवास गर्ने सबै आधारभूत तह उमेर समूहका बालबालिका छैनन् अर्थात उनीहरु मध्ये केही अझै विद्यालय बाहिर छन् । त्यस्तै गरी कक्षा १-५ पूरा गर्ने सबै बालबालिका कक्षा ८ सम्म पुग्दैनन् ।

कक्षा १-८ सञ्चालन भएका यस तहका विद्यालयमा औषत २.१ वटा विद्यालय भवन, औषत ३ वटा कम्प्युटर, १९ वटा विद्यालयमा खानेपानी सुविधा, एउटामा पुस्तकालय, २६ वटा विद्यालयमा बालक्लब, २७ वटा विद्यालयमा शौचालय र कुनै पनि विद्यालयमा ईन्टरनेट सुविधा नभएको अवस्था छ ।

कक्षा १ मा भर्ना भएका बालबालिकाको उमेर ५ पूरा भएको हुनु पर्नेमा सो भन्दा पनि वढी भएका कारण आन्तरिक सक्षमतामा कम भएको देखिन्छ । तथ्याङ्कमा के देखिन्छ भने आधारभूत तह कक्षा १-८ मा विद्यालयको सेवाक्षेत्र भित्र बसोवास गर्ने सबै बालबालिका विद्यालयमा नआएका र आएका पनि कक्षागत उमेर समूह भन्दा घटी र वढी भएका कारण यस तहको आन्तरिक सक्षमता कमजोर देखिन्छ । कुल भर्ना र खुद भर्नाको आदर्श अवस्था भनेको बिभिन्न उमेर समूहबाट आउने विद्यार्थीको संख्या सुधारिएर शतप्रतिशत शुद्ध उमेर समूहमा आइ खुद भर्ना दर १०० हुनु र बास्तविक उमेर समूहका बालबालिका शतप्रतिशत विद्यालय भर्ना हुदा खुद भर्ना प्रतिशत पनि १०० मा पुग्नु हो । यस्तो अवस्थामा सिकाइको दर तिब्र हुन जाँदा शैक्षिक क्षति नगन्य हुन्छ ।

आधारभूत तह कक्षा १--५ मा विद्यार्थी उत्तीर्ण प्रतिशत ८४.९ छ भने सोही तहको कक्षा ६--८ मा ९३.१ प्रतिशत छ । त्यस्तै गरी माध्यमिक तह कक्षा ९--१० मा विद्यार्थी उत्तीर्ण दर ७९.७ मात्र रहनुले कक्षामा सिकाइ कार्यमा सहभागी सबै विद्यार्थी उत्तीर्ण गराउन थप प्रयत्न गर्नु पर्ने देखाउँछ ।

कक्षा दोहोऱ्याउनु एक प्रकारको शैक्षिक क्षति हो । यस पूर्व गरेका लगानी खेर गइ पुःन लगानी गर्नु पर्ने अवस्थाको सिर्जना हो । यस नगरपालिकाका विद्यालयको एक शैक्षिक सत्रको मात्र

अध्ययन गर्ने हो भने आधारभूत तह कक्षा १--५ मा १०.६ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइन्छ भने कक्षा ६--८ मा यो संख्या २.१ र माध्यमिक तह कक्षा ९--१० मा ४ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याउने गरेका पाइन्छन् । कक्षा दोहोऱ्याउनेमा आधारभूत तहमा छात्रा र छात्र लगभग बराबर छन् भने कक्षा ९--१० मा छात्र वढी छन् ।

विद्यालय तहको शिक्षा पूरा नगर्दै बिचैमा कक्षा छाड्नु भनेको दुखद पक्ष हो । यो पनि शैक्षिक क्षतिको सूचक हो । भेरी नगरपालिकाका कक्षा १--५ सञ्चालित आधारभूत तहमा २.३ प्रतिशत बालबालिका बिचैमा कक्षा छाड्छन भने कक्षा ६--८ सञ्चालित आधारभूत तहमा यो दर ५.३ छ । त्यस्तै गरी माध्यमिक तहमा १६.८ छात्रा र १५.९ छात्र गरी औषत १६.४ प्रतिशत बालबालिकाले कक्षा १० पूरा नगरी विद्यालय छाडेकाछन् । माध्यमिक तहमा छात्र भन्दा धेरै छात्राले कक्षा छाडेका छन् भने यसको संख्या ठूलो देखिएको छ ।

एउटा सन्तोषजनक स्थिति चाहीँ के छ भने सबै तहमा लैङ्गिक भिन्नताको अनुपात छात्रछात्रामा समान छ । यस नगरपालिकाको आधारभूत तहमा १०२ जना महिला शिक्षक र ६१ जना पुरुष शिक्षक गरी जम्मा १६३ जना शिक्षक अध्यापनरत छन् । आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा २९ र कक्षा ६-८ मा ६३ जना दरवन्दीका शिक्षक कार्यरत देखिन्छन् ।

४.२.३ चुनौतिहरु

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले व्यवस्था गरे बमोजिम आधारभूत तहका लागि मातृभाषा वा स्थानीय विषयवस्तुमा आधारीत भएर नगरपालिकाले नै बिकास गर्ने पाठ्यक्रम र पाठ्यपुस्तक बनाउन बाँकी छ । कक्षा १-३ को एकीकृत पाठ्यक्रमका बारेमा शिक्षकलाई जानकारी नहुँदा एकीकृत ढाँचामा शिक्षण सिकाइ र विद्यार्थी मूल्याङ्कन प्रक्रिया प्रभावकारी ढंगबाट हुन सकेको छैन । समुदायका आधारभूत तह उमेर समूहका सबै बालबालिका विद्यालय भर्ना भएका छैनन् । शैक्षिक उपलव्धी दर कमजोर रहेको छ । न्यूनतम भौतिक पूर्वाधार (घेरावारा, भवन, उमेर सुहाउँदो फर्निचर, शौचालय, खानेपानी र कम्प्युटर) सबै विद्यालयमा उपलव्ध हुन नसकेको अवस्था छ। मापदण्ड विपरीतका असुरक्षित भवन छन् । कक्षा छाड्ने दर धेरै छ । कक्षा दोहोऱ्याउने दर कायम रहेको देखिन्छ । यस तहको कक्षा १-३ मा ८३२ कार्यघण्टा र कक्षा ४-८ मा १०२४ कार्यघण्टा सिकाइका लागि छुट्याएको समयको उपयुक्त ढंगले सदुपयोग हुनसकेको छैन । विषयगत र नयाँ पाठ्यक्रम बमोजिमको तालीम प्राप्त शिक्षक संख्याको अभाव छ । कक्षा

शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग पक्ष कमजोर छ । विद्यालयमा उपयुक्त र अद्यावधिक गरिएका सिकाइ सामग्री सहितको पुस्तकालय र विज्ञान प्रयोशालाको अभाव छ। खेलकुद, मनोरञ्जन र अतिरिक्त क्रियाकलाप जस्ता पक्षहरु कम प्राथमिकतामा रहेका छन्।

४.२.४ उद्देश्यः

सबै बलबालिकाका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चित गर्नु ।

४.२.५ रणनितिः

नगर भित्रका सबै बालबालिकालाई पायक पर्ने गरी सबै विद्यालयहरुमा सुरक्षित, गुणस्तरीय, निःशुल्क र अनिवार्य आधारभूत शिक्षा (कक्षा १-८) को प्रबन्ध गर्ने ।

४.२.६ कार्यनिति

क) विद्यार्थी संख्याको आधारमा विद्यालय संख्यामा समायोजन (थपघट, तह बृद्धी जस्ता कार्य) गर्न एक कार्यदल बनाइ अध्ययन गराइनेछ ।

ख) एक वडामा एक विद्यालय छनोट गरी नमूनाका रुपमा विकास गरिनेछ ।

ग) सबै विद्यालयमा बालक्लब गठन र परिचालनको प्रबन्ध मिलाइनेछ ।

घ) आधारभूत तहमा शिक्षण कार्यनीतिमा परिवर्तनकासाथ विद्यार्थी मूल्याङ्कनमा प्रविधिको प्रयोग गर्दै शैक्षिक उपलव्धी शतप्रतिशत हासिल गराउन खाँचोमा आधारीत शिक्षक तालिम को व्यवस्था गरिनेछ ।

४.२.७ कार्यक्रम

१. **विद्यालय पूर्वाधार बिकास कार्यक्रमः** विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधार (सुरक्षित कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, पुस्तकालय, विज्ञान प्रयोगशाला, विद्युत जडान, सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, खेलमैदान र घेरावारा) क्रमशः विकास गर्ने ।

२. **सिकाई कुना प्रवर्द्धन कार्यक्रमः** सबै विद्यालयमा पुस्तककुना, सिकाइ सामग्रीको प्याकेज, खेल सामग्री र न्यूनतम वाद्यवादनका सामग्री उपलव्ध गराउने ।

३. **दिवा खाजा कार्यक्रमः** सफा र पोषणयुक्त दिवा खाजा कक्षा ८ सम्मका बालबालिकालाई निःशुल्क उपलव्ध गराउने ।

४. **पाठ्यक्रम र पाठ्यपुस्तक विकास कार्यक्रमः** स्थानीय विषयमा आधारित आधारभूत तहको पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गर्ने ।

४.२.८ कार्य योजना

क्र सं	कार्यक्रम	प्रगति वर्ष					बजेट (०००)	कैफियत	स्रोत
		२०८०	२०८१	२०८२	२०८३	२०८४			
१	विद्यालय समायोजन	२५	०	०	०	०	२५	एक पटक एकमुष्ट	नगरपालिका
२	कक्षा ७--८ मा थप दिवा खाजा कार्यक्रम	४३१२.५	४३१२.५	४३१२.५	४३१२.५	४३१२.५	२१५६२.५	प्रति बालक दैनिक रु १५ का दरले वार्षिक १० महिना	नगरपालिका
३	विद्यालय न्यूनतम भौतिक पूर्वाधार विकास	५००००	५००००	५००००	५००००	५००००	२५००००	वार्षिक ५ करोडका दरले	संघ, प्रदेश, नगरपालिका
४	थप शिक्षक तलव भत्ता (क) प्रावि	३५५९.३	३५५९.३	३९१५.२३	३९१५.२३	३९१५.२३	१८८६४.२९	१० जना प्रा वि र	
	(ख) नि मा वि	५६४९	५६४९	६२१३.९	६२१३.९	६२१३.९	२९९४०	१५ जना निमावि शिक्षक	
५	पुस्तककुना, सिकाइ सामग्रीको प्याकेज, खेल सामग्री र न्यूनतम वाद्यवादनका सामग्री सहयोग	५००	५००	५००	५००	५००	२५००	वार्षिक एकमुष्ट	संघ, प्रदेश र नगर
६	नमूना विकास	६५००	१३००	१३००	१३००	१३००	११७००	१ विद्यालय	नगर
७	बालक्लब गठन तथा परिचालन	०	०	०	०	०	०		विद्यालय
८	स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास	८००	१०००	१०००	१०००	१०००	४८००	वर्षेनी पा पु उत्पान समेत	नगरपालिका, संस्था
	जम्मा	७१३४६	६६३२१	६७२४२	६७२४२	६७२४२	३३९३९२.८		

४.३ माध्यमिक शिक्षा

४.३.१ परिचय

यस खण्डमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारमा वर्गिकरण गरिएको तह ४ र ५ पूरा भएपछि प्राप्त हुने सिकाइको क्षमतास्तर प्राप्त हुनेगरी अर्थात् माध्यमिक तहको पहिलो खण्ड कक्षा ९ - १० र दोस्रो खण्ड ११ - १२ सम्मको समग्र शिक्षा व्यवस्थाको अवस्था, चुनौति र भावि कार्यक्रम प्रस्ताव गरिएको छ । माध्यमिक तहको कक्षा ९--१० मा अध्ययन गर्ने वास्तविक उमेर समूह १३ र १४ वर्ष हो भने कक्षा ११--१२ मा अध्ययन गर्ने वास्तविक उमेर १५ र १६ वर्ष हो । माध्यमिक शिक्षाको योजना भित्र विद्यालयमा सञ्चालन हुन प्राविधिक तथा व्यावसायिक विषयका कार्यक्रम समेत पर्दछन् । यस खण्डमा भेरी नगरपालिकाका विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरी उच्च शिक्षाका प्राविधिक विषयमा अध्ययन गर्न भर्ना भएका तर आर्थिक अभावका कारण कठिनाइ भोगीरहेका केही विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ती समेत समावेश गरिएको छ ।

४.३.२ वर्तमान अवस्था

यस नगरपालिकामा कक्षा ९--१० सञ्चालित ६ वटा र ११--१२ सञ्चालित ४ वटा गरी जम्मा १० वटा मा. वि. हरु छन् । सन् २०२२ मा प्रकाशित फ्लास रिपोर्टमा उल्लेख भए अनुसार कक्षा ९--१० सञ्चालित मा वि मा छात्रा ९९० र छात्र ८४९ गरी जम्मा १८३९ जना छात्रछात्रा अध्ययनरत छन् भने कक्षा ११--१२ सञ्चालित मा वि मा छात्रा ४४२ र छात्र ३९१ गरी जम्मा ८३३ जना विद्यार्थी अध्ययनरत छन् । यसरी हेर्दा कक्षा १० उत्तीर्ण भएका सबै विद्यार्थी कक्षा ११ मा भर्ना हुन जाँदैनन् । यस नगरपालिकाका माध्यमिक विद्यालयमा छात्रा भन्दा छात्रको संख्या कम देखिन्छ । यस तहमा अध्यापन गराउने २४ जना शिक्षक मध्ये ४ जना महिला र २० जना पुरुष छन् । कक्षा ९--१० सञ्चालित मा वि मा ५२३ जना र कक्षा ११--१२ सञ्चालित मा वि मा २०७ जना दलित समुदायका छात्रछात्रा अध्ययनरत छन् । यस समुदायबाट पनि कक्षा १० पूरा गरेका सबै बालबालिका कक्षा ११ मा भर्ना हुँदैनन् । त्यस्तै गरी जनजाति समुदायबाट कक्षा ९--१० सञ्चालित मा वि मा २८१ जना र कक्षा ११--१२ सञ्चालित मा वि मा ८७ जना बिद्यार्थी अध्ययनरत देखिन्छन् भने यस समुदायमा पनि कक्षा १० पूरा गरेका सबै बालबालिका कक्षा ११ मा भर्ना हुँदैनन् । यस तहमा पनि छात्र छात्रा बिचको लैङ्गिक समता अनुपात सकारात्मक हुनुलाई एउटा राम्रो पक्षका रुपमा लिन सकिन्छ ।

माध्यमिक तहको कक्षा ९—१० मा भर्ना भएका विद्यार्थी मध्येबाट ८०.३ प्रतिशत छात्रा र ७९.७ प्रतिशत छात्र गरी जम्मा ७९.७ प्रतिशत छात्राछात्रा मात्र एसईई उत्तीर्ण गर्दछन् । यो उपलव्धी कमजोर अवस्थाको हो ।

राष्ट्रिय परीक्षा वोर्डका अनुसार यस नगरपालिकाका ११ वटा मा वि बाट २०७८ मा एसईई दिएका ४,४८० जना विद्यार्थी मध्ये जम्मा ७६ जनाले मात्र A+ ग्रेड ल्याएका छन् भने ३६५ जनाले A ग्रेड, १,२३७ जनाले B + ग्रेड, १,५६२ जनाले B ग्रेड ल्याएर उत्तीर्ण गरेका छन् । त्यस्तै गरी ९०३ जनाले C+, २७८ जनाले C, १२ जनाले D + ग्रेड सहित एसईई परिक्षा उत्तिर्ण गरेका छन् । यसबाट के बुझ्न सकिन्छ भने यस पालिकाका विद्यार्थीको B + र B ग्रेडमा पर्ने विद्यार्थीको ठूलो समूह रहेछ । परिक्षामा आवेदन गरेका मध्ये ४७ जना विद्यार्थी अनपस्थित समेत भएको पाइयो ।

माध्यमिक तहको कक्षा ९—१० तहमा कुल भर्ना दर ११०.६ छ भने खुद भर्ना दर ६८.१ रहेको छ । त्यस्तै गरी कक्षा ११—१२ तहमा कुल भर्ना दर ९५.१ छ भने खुद भर्ना दर ४२.८ रहेको पाइन्छ । यसबाट के बुझिन्छ भने यस नगरक्षेत्र भित्रका माध्यमिक तह उमेर समूहका सबै विद्यार्थी उपयुक्त उमेर सुहाउँदो कक्षामा अध्ययन गरीरहेका छैनन् । ती मध्ये कतिपय विद्यालय बाहीर समेत छन् ।

४.३.३ चुनौतिहरु

हाल विद्यालय तहमा लागू भएको नयाँ पाठ्यक्रमले अङ्गिकार गरेका शिद्धान्तका सम्बन्धमा सबै शिक्षकलाई प्रवोधिकरण हुन सकेको छैन जसले गर्दा नयाँ पेडागोजी र मूल्याङ्कनको परिवर्तित ढाँचाका सम्बन्धमा उनीहरु जानकार छैनन् । सबै विद्यालयमा विद्यालय तहको पाठ्यक्रम छैन भने समयमा पाठ्यपुस्तक उपलव्ध नहुने समस्या अझै विद्यमान छ । यस तहका प्रमुख चुनौतिहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ -

क) कतिपय विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन नभएको ।

ख) केही विद्यालयमा योग्यता र क्षमता बमोजिमको शैक्षिक नेतृत्वलाई विद्यालयको व्यवस्थापनको जिम्मेवारी दिनु पर्ने अवस्था रहेको ।

ग) केही विद्यालयमा मापदण्ड विपरीतका जिर्ण भवनका कारण असुरक्षित अवस्था कायम रहेको ।

घ) घेरावारा नभएका र खेलमैदान पर्याप्त नभएका विद्यालय ।

ङ) धेरै विद्यालयमा कम्प्यूटर कक्ष, पुस्तकालय, विज्ञान प्रयोगशाला र प्राविधिक धारका कार्यक्रम सञ्चालन भएका विद्यालयमा कार्यशालाको अभाव ।

च) अपर्याप्त खानेपानी र छात्रामैत्री शौचालय ।

छ) कमजोर अनुगमन तथा सुपरीवेक्षण ।

ज) कमजोर शैक्षिक उपलव्धी ।

झ) कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर उल्लेख्य रहेको ।

ञ) पर्याप्त विषय शिक्षकको अभाव ।

ट) आवश्यकतानुसारका प्राविधिक धारका कार्यक्रम नभएको ।

४.३.४ उद्देश्यः

जोवनोपयोगी सिप विकासमा जोड दिँदै माध्यमिक शिक्षाको विद्यार्थी सक्षमतामा सुधार ल्याउनु ।

४.३.५ रणनितिः

माध्यमिक तहमा जीवनोपयोगी सिप विकासका लागि विद्यार्थीको रुचि बमोजिमको विषय छनोटमा अवसर दिँदै उच्च शैक्षिक उपलव्धि हासील गर्ने ।

४.३.६ कार्यनिति

क) सबै विद्यालयको भवन, कक्षाकोठा मर्मत, फर्निचर, शौचालय, खानेपानी र खेलमैदान जस्ता भौतिक पूर्वाधारमा सुधार गरिनेछ ।

ख) सबै मा. वि. मा पर्याप्त सिकाइ सामग्री सहितको पुस्तकालयको व्यवस्था गरिनेछ ।

ग) सबै मा. वि. मा इन्टर्नेट सुविधा सहितको कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिनेछ ।

घ) सबै मा. वि. मा भौतिकशास्त्र, रसायनशास्त्र र जीवविज्ञानको अलग अलग प्रयोगशालाको व्यवस्था गरिनेछ ।

ङ) विद्यालयमा शैक्षिक नेतृत्व विकासका अवसरमा बृद्धि गर्दै नेतृत्वमा सक्षमताको विकास गरिनेछ ।

च) नगरपालिका हरेक वडामा एउटा नगरस्तरीय नमूना माध्यमिक विद्यालयको विकास गरिनेछ ।

छ) प्राविधिक धारका कार्यक्रम तर्फ पशु विज्ञान र बालिविज्ञानका कार्यक्रम सञ्चालन गरिनेछ ।

ज) संभाव्यता अध्ययनका आधारमा कक्षा १-१० सम्म सञ्चालनमा रहेका माध्यमिक तहका विद्यालयलाई कक्षा १-१२ सम्म सञ्चालन गर्न सक्ने गरी तह बृद्धी गरिनेछ ।

झ) हरेक मा. वि. मा बालक्लब गठन तथा परिचालन गरिनेछ ।

ञ) बिभिन्न प्रकारका सिकाइ सामग्रीको व्यवस्था र बालमैत्री वातावरणको सिर्जना गरी सिकाइ समयको पूर्ण सदुपयोग गरिनेछ ।

ट) नगरपालिका क्षेत्र भित्र सञ्चालित क्याम्पसलाई नगरपालिकामा सञ्चालित विद्यालयको शैक्षिक सुधारका लागि अनुसन्धानात्मक कार्यमा जोड्नेछ ।

ठ) प्रत्येक मा वि मा विद्यालय स्वास्थ्य तथा सरसफाइ व्यवस्थापन गर्नका लागि नियमित कार्यक्रम सञ्चालन गरिनेछ ।

ड) स्थानीय तहले छनोट गरेको प्राविधिक वा अन्य कुनै विषयमा स्नातक तह अध्ययन गर्नका लागि विद्यार्थी छात्रवृत्तीको व्यवस्था गरिनेछ ।

ढ) विद्यार्थीहरुमा शारीरिक स्फूर्ती कायम गर्न खेल तथा व्यायामलाई नियमितता दिनका लागि विद्यालय खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

ण) विद्यालयमा सिकाइ सामग्री र सिकाईका अवसर बृद्धी गरिनेछ ।

४.३.७ कार्ययोजना

क्र सं	कार्यक्रम	प्रगति वर्ष					बजेट रु हजारमा	कैफियत	स्रोत
		२०८०	२०८१	२०८२	२०८३	२०८४			
१	भौतिक पूर्वाधार विकास	३००००	३००००	३००००	१००००	०	१०००००	१ विद्यालय १ करोड	संघ, प्रदेश, नगरपालिका
२	पुस्तकालय सहयोग	२००	२००	३००	३००	३००	१३००	१० विद्यालय	संघ, प्रदेश, नगरपालिका
३	इन्टर्नेट सहितको कम्प्युटर कक्ष स्थापना	२०००	२०००	२०००	२०००	२०००	१००००	१० विद्यालय	संघ, प्रदेश, नगरपालिका
४	विज्ञान प्रयोशाला	२०००	२०००	२०००	२०००	२०००	१००००	१० विद्यालय	संघ, प्रदेश, नगरपालिका
५	सिकाइ सामग्री सहयोग	५००	५००	५००	५००	५००	२५००	प्रति विद्यालय वार्षिक रु ५० हजारका दरले	संघ, प्रदेश, नगरपालिका
६	नमूना विकास	२६०००	२६०००	२६०००	२६०००	२६०००	१३०,०००	योजनाको आधारमा एउटा विद्यालयलाई जम्मा रु १ करोड ।	नगरपालिका
७	कुनै एक मा वि मा बालिविज्ञान विषयमा प्राविधिक धारको कार्यक्रम सञ्चालन	०	०	३०००	३०००	३०००	९०००	एक विद्यालयमा एक मुष्ठ	संघ, प्रदेश, नगरपालिका
८	बालक्लब गठन तथा परिचालन	०	०	०	०	०	०		विद्यालय
९	कक्षा १० सञ्चालनमा रहेका विद्यालयलाई संभाव्यताका आधारमा कक्षा १२ मा स्तरोन्नती	०	०	४००	४००	४००	१२००	अध्ययनका आधारमा आवश्यकता बमोजिम	संघ, प्रदेश, नगरपालिका
१०	विद्यालय विकासका लागि स्थानीय क्याम्पसबाट गरिने अनुसन्धान	२००	२००	२००	३००	३००	१२००	वार्षिक एकमुष्ठ	नगरपालिका
११	विद्यालय स्वास्थ्य सेवा प्याकेज	१०००	१०००	१०००	१०००	१०००	५०००	१ विद्यालय वार्षिक रु ५० हजारका दरले	नगरपालिका
१२	विद्यालय खेलकुद कार्यक्रम	१०००	१०००	१०००	१०००	१०००	५०००	वार्षिक १ विद्यालय रु १ लाखका दरले	नगरपालिका

१३	उच्चतहमा अध्ययनका लागि छात्रवृत्ती	५००	१०००	१५००	२०००	२०००	७०००	वार्षिक एक विद्यार्थीलाई रु एक लाखका दरले प्रोत्साहन खर्च	नगरपालिका
१४	थप शिक्षक तलव भत्ता	४७७८.७	४७७८.७	५२५६.५७	५२५६.५७	५२५६.५७	२५३२७.१	प्रचलित तलवस्केल बमोजिम । एक पटक १० प्रतिशत बृद्धि समेत गरी	नगरपालिका
	जम्मा	६८१७९	६८६७९	७३१५७	५३७५७	४३७५७	३०७५२७		

३.४ शिक्षक पेसागत विकास

३.४.१ परिचय

गुणस्तरीय शिक्षाका लागि उपयुक्त शिक्षक व्यवस्थापन र पेसागत विकासको नियमितता अनिवार्य हुन्छ । यस खण्ड भेरी नगरपालिकाका विद्यालयमा तहगत तथा विषयगत शिक्षक वितरण र शिक्षकको क्षमता विकासका सम्बन्धमा विद्यमान अवस्था र सुधार गर्नु पर्ने पक्षका सम्बन्धमा केन्द्रित छ । शिक्षकलाई शिक्षणमा मात्र निर्धक्क काम गर्नका लागि वातावरण बनाउने काम विद्यालयमा कार्यरत कर्मचारीबाट भएकोले यसै खण्डमा विद्यालयमा कार्यरत लेखापाल र कार्यालय सहयोगीको विषयमा समेत चर्चा गरिन्छ ।

३.४.२ वर्तमान अवस्था

शिक्षा तथा मानवस्रोत विकास केन्द्रले यस नगरपालिकाको लागि बिभिन्न तहलाई लक्षित गरी बनाएको मौजुदा शिक्षक दरवन्दी र आवश्यक शिक्षक दरवन्दीको विवरण यस प्रकार छ --

यस नगरपालिकामा प्राथमिक तहमा राहत र स्वीकृत गरी जम्मा १५२ वटा छ भने नि मा वि तहमा दुवै प्रकारका गरी जम्मा ४२ वटा छ । त्यस्तै माध्यमिक तह ९--१० मा २६ वटा र मा वि ११--१२ मा १२ वटा मात्र उपलव्ध छ । शिक्षक दरवन्दी संघीय सरकार बाहेक अन्य कुनै निकायले सिर्जना गर्न नसक्ने भएकोले यस नगरपालिकाले सबै तहका लागि केही विद्यालयमा शिक्षक थप गर्नका लागि स्रोतको व्यवस्था गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको हालै प्रकाशीत सूचनामा उल्लेखित शिक्षक विवरणलाई विश्लेषण गर्ने हो भने प्रावि तहमा २८३, निमावि तहमा ११८ , मा वि ९--१० तहका लागि ८९ र मा वि ११--१२ तहका लागि ९ वटा दरवन्दी हुनु पर्ने अवस्था छ । यसरी हेर्दा प्रावि तहमा १३१ वटा, निमावि तहमा ७६ वटा, र मा वि ९—१० तहमा ५३ वटा दरवन्दी थप हुनु पर्ने देखिन्छ भने मा वि तहको ९—१० मा दरबन्दी थपहुन जाँदा मा वि ११—१२ मा ९ वटा मात्र भए पुग्ने देखिन्छ । तर यस नगरपालिकामा हाल मा वि ११—१२ सञ्चालित कक्षा र विषयमा यहाँको खाँचो बमोजिम थप गर्नु पर्ने भएकोले आवश्यक दरवन्दी संख्या यहाँ उल्लेख संख्यामा फरक हुन सक्छ । यस नगरपालिकाका सबै विद्यालयहरुमा कार्यालय सहयोगि र लेखापाल हाल कार्यरत सहित गरी जम्मा ८० जना आवश्यक देखिन्छन् । हाल भेरी नगरपालिकाले बालबिकास शिक्षक २ जना, प्राथमिक शिक्षक ९ जना, नि मा वि शिक्षक १४ जना र मा वि शिक्षक ९ जना थप गरी विद्यालयहरुलाई जनशक्ति व्यवस्थापनमा सहयोग पुऱ्याएको छ ।

शिक्षकको पेशागत विकासका लागि प्रदेश सरकारले बेलाबेलामा सञ्चालन गर्ने शिक्षक पेशागत विकास तालीम बाहेक अन्य क्षमता विकासका तालीमहरु भएका छैनन् । विगतमा भएको स्रोतकेन्द्रको विगठन पछि स्थानीयस्तरमा शिक्षकका तालीम सञ्चालन भएका छैनन् । शिक्षकको पेशागत विकासका लागि बेलाबेलामा तहगत विषयगत वा कुनै सिपगत तालीमको व्यवस्था नहुँदा शिक्षकहरुले अद्यावधिक हुने मौका पाएका छैनन् ।

३.४.३ चुनौतिहरु

पाठ्यक्रमको प्रमुख कार्यान्वयनकर्ता नै शिक्षक हुन् । विद्यार्थी संख्या, कक्षा र विषयका आधारमा दक्ष तथा तालिम प्राप्त शिक्षकको उपलव्धता नै शिक्षक पेशागत विकासका क्षेत्रमा रहेका प्रमुख चुनौति हुन् । यस नगरपालिका क्षेत्र भित्रका विद्यालयहरुले झेलिरहेका शिक्षक पेशागत विकासका प्रमुख चुनौतिलाई निम्नानुसार उल्लेख गरिएको छ -

क) आवश्यक संख्यामा शिक्षक दरवन्दी नहुनु ।
ख) विषयगत शिक्षकको अभाव
ग) शिक्षकका परिवर्तित पाठ्यक्रम वमोजिम अध्यापन र मूल्याङ्कन गराउन सक्ने सिपको अभाव
घ) शिक्षकमा सूचना तथा सञ्चार प्रविधि सिपको कमी
ङ) स्थानीय स्रोतबाट राखिएका शिक्षकलाई दरवन्दीका शिक्षकको तुलनामा सुविधामा एकरुपता हुन नसक्नु ।
च) विद्यालयमा कार्यरत कर्मचारीलाई सुविधा तथा क्षमता विकास तालीमको अवसर नहुनु ।

४.४.४ उद्देश्यः

शिक्षकमा परिवर्तित पाठ्यक्रम सापेक्ष पेशागत दक्षताको विकास गर्नु ।

४.४.५ रणनितिः

शिक्षक विकासका लागि परिवर्तित पाठ्यक्रमले माग गरेझैं प्रविधि सहितको पेशागत दक्षताका अवसर उपलव्ध गराउने ।

४.४.६ कार्यनिति

क) विद्यार्थी संख्या, तह र विषयको आधारमा दरवन्दी मिलान गरिनेछ ।

ख) शिक्षक अभावका कारण पठन पाठन अवरुद्ध भएका विद्यालय, कक्षा र विषय हेरी बालविकास, प्रा वि, नि मा वि, मा वि कक्षा ९-१० र मा वि कक्षा ११-१२ मा थप शिक्षकको व्यवस्था गरिनेछ ।

ग) परिवर्तित पाठ्यक्रमलाई मध्यनजर गरेर शिक्षकलाई विषगत तालिम उपलव्ध गराइनेछ ।

घ) शिक्षकलाई शिक्षण सिकाइमा प्रयोग गर्न सक्ने गरी कम्प्यूटर तालिम उपलव्ध गराइनेछ ।

ङ) शिक्षकलाई विशेष सुविधा दिनका लागि अध्ययन गर्न कार्यदलको गठन गर्ने र कार्यदलले सुझाए बमोजिमको विशेष सुविधाको प्याकेजको व्यवस्था गरिनेछ ।

च) शिक्षकलाई अन्तरविद्यालय भ्रमणको व्यवस्था गरी अन्य विद्यालयमा भएका राम्रा कुरालाई अनुसरण गर्न लगाइनेछ ।

छ) समय समयमा तहगत र विषयगत शिक्षकको क्षमता विकासका लागि सेमीनार तथा कार्यशालाको आयोजना गरिनेछ ।

ज) विद्यालयमा शैक्षिक उपलव्धिका आधारमा पुरस्कारस्वरुप अनुदान सहयोगको व्यवस्था गरिने ।

झ) शिक्षकलाई सूचना तथा सञ्चार प्रविधिमा आधारीत तालीम दिइनेछ ।

ञ) विद्यालयमा कार्यरत थप कर्मचारीलाई तलब सुविधाको व्यवस्था गरिनेछ ।

ट) विद्यालयमा कार्यरत कर्मचारीलाई काम र अवस्थाका बारेमा अद्यावधिक गराउन वर्षमा एक पटक २ दिने क्षमता विकासको तालीम उपलव्ध गराइनेछ ।

४.४.७ कार्य योजना

क्र सं	कार्यक्रम	प्रगति वर्ष					बजेट रु हजारमा	कैफियत	स्रोत
		२०८०	२०८१	२०८२	२०८३	२०८४			
१	दरवन्दी मिलान	५०	०	०	०	०	५०		नगरपालिका
२	विषगत शिक्षक तालिम	५००	५००	५००	५००	५००	२५००		संघ, प्रदेश र नगरपालिका
३	कम्प्यूटर तालिम उपलव्ध गराउने ।	५००	५००	५००	५००	५००	२५००		संघ, प्रदेश र नगरपालिका
४	शिक्षकलाई विशेष सुविधा दिनका लागि अध्ययन गर्न कार्यदलको गठन	२५	०	०	०	०	२५		नगरपालिका
५	कार्यदलले सुझाए बमोजिमको विशेष सुविधाको प्याकेज	०	१०००	१०००	१०००	१०००	४०००		नगरपालिका
६	अन्तरविद्यालय भ्रमण	५०	५०	५०	५०	५०	२५०		नगरपालिका, संस्था
७	प्राविधिकधारका शिक्षक क्षमता विकासका लागि सेमीनार तथा कार्यशाला	५०	५०	५०	५०	५०	१५०		संघ, प्रदेश, नगरपालिका
८	आधारभूत तहका शिक्षकको क्षमता विकास तालीम	३००	३००	३००	३००	३००	१५००		संघ, प्रदेश, नगपालिका र संस्था
९	विद्यालयलाई उपलव्धिका आधारमा पुरस्कार स्वरुप अनुदान सहयोग	४००	४००	४००	४००	४००	२,०००	वार्षिक २ लाख २० विद्यालय	नगरपालिका
१०	विद्यालयमा कार्यरत थप कर्मचारीलाई तलब सुविधा	९७५	९७५	९७५	९७५	९७५	४८७५		नगरपालिका
११	विद्यालयमा कार्यरत कर्मचारीलाई क्षमता विकास तालीम	५१	५१	५१	५१	५१	२५५		नगरपालिका
१२	विद्यालय नेतृत्व विकास तालिम	२८०	२८०	२८०	२८०	२८०	१४००	सबै प्रअलाई वार्षिक ५ दिनको तालीम	संघ, प्रदेश, नगपालिका र संस्था
	जम्मा						१७,५०५		

४.५ साक्षरता तथा निरन्तर शिक्षा

४.५.१ परिचय

विकासका धेरै सूचक मध्ये कुनै भूगोलमा बस्ने नागरिकको साक्षरताको अवस्था एक महत्वपूर्ण सूचक हो । शिक्षा र विकासका दृष्टिले पछि रहेको जाजरकोटको विकासका लागि साक्षरता र निरन्तर शिक्षाको भूमिका ठूलो रहन सक्छ । नेपाल सरकारको साक्षर नेपाल अभियानलाई सघाउ पुऱ्याउने हेतुले भेरी नगरपालिका क्षेत्र भित्रका १५ वर्ष र सो भन्दा माथीको उमेर समूहका सबै नागरिकलाई न्यूनतम साक्षरताको अवसर प्रदान गर्ने र जीवनपर्यन्त सिकाइको आधार तयार गर्ने उद्देश्यले यो साक्षरता तथा निरन्तर शिक्षाको योजना ल्याइएको छ ।

४.५.२ वर्तमान अवस्थाः

२०७२ सालमा जाजरकोट जिल्लालाई साक्षर जिल्ला घोषणा गरिँदा भेरी नगरपालिकालाई सबै भन्दा पहिले साक्षर नगरपालिका घोषित गरिएको थियो । साक्षर क्षेत्र घोषणा गर्दा त्यस भूगोलमा बस्ने ९५ प्रतिशत जनसंख्या साक्षर हुनु पर्ने मापदण्ड नेपाल सरकारले बनाएको थियो । तत्कालिन अवस्थामा साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरु नियमितरुपमा चलेका थिए । तत्कालिन अवस्थामा साक्षरता कक्षाबाट सिक्न नपाएका व्यक्तिहरु, साक्षर भएका नवसाक्षर व्यक्तिहरुलाई पुःन सिकाइको कार्यक्रमले समेट्न नसक्दा सिकेका सिपहरु विस्मरण भएका व्यक्तिहरु, विद्यालय शिक्षाको अवसर गुमाउन पुग्दा सिकाइ अवसर नपाएका व्यक्तिहरु र साक्षरता सिपमा जीवनमा प्रयोग हुने प्रविधि प्रयोगको पक्षलाई समेटेर यो कार्यक्रम सञ्चालन गर्नु पर्ने अवस्था छ । हाल यस नगरपालिकामा प्रत्येकमा एक एक जना सामुदायिक परिचालिका सहित ३ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा छन् भने साक्षरता तथा नवसाक्षरताका कार्यक्रम सञ्चालनमा छैनन् । यस नगरपालिकालाई उपलव्ध भएको एउटा थप सामुदायिक सिकाइ केन्द्र हाल सञ्चालनमा छैन ।

४.५.३ चुनौतिहरु

क) साक्षर जनसंख्याको तथ्याङ्क अद्यावधिक गर्नु पर्ने .

ख) साक्षरताको अवस्थालाई वर्गिकरण गर्नु पर्ने ।

ग) साक्षरता सिपमा व्यावहारिक प्रविधि, सूचना तथा सञ्चार प्रविधि र गणितिय सिप जोड्नु पर्ने ।

घ) सबै वडामा एक एक वटा सामुदायिक सिकाइकेन्द्र स्थापना र सञ्चालन गर्नु पर्ने ।

ङ) सिकाइ क्षमता स्तरको आधारमा तहगत सक्षमता हासिल गरेका युवालाई औपचारिक शिक्षामा प्रवेश गराइनु पर्ने ।

च) साक्षर युवालाई उद्यममा जोड्नु पर्ने ।

४.५.४ उद्देश्यः

सबै नागरबासीलाई जीवनका लागि अति आवश्यक पर्ने विषयमा साक्षरता सीप उपलव्ध गराउँदै निरन्तर सिकाइका अवसर बृद्धि गर्नु ।

४.५.५ रणनितिः

क) सबै उमेर समूहका नागरिकहरुलाई आवश्यकता बमोजिमको साक्षरताको सीप विकास गर्दै उनीहरुको घर आँगनमै निरन्तर सिकाइका अवसर उपलव्ध गराउने ।

ख) सबै नागरिकलाई न्यूनतम साक्षरता र सीप विकास गर्ने ।

ग) औपचारिक शिक्षामा जोडिन चाहने नवसाक्षर युवालाई अनौपचारिक तथा वैकल्पिक शिक्षाका माध्यमबाट विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम अनुरुपको शिक्षा प्रदान गर्ने ।

४.५.६ कार्यनितिः

क) सबै नागरिकलाई न्यूनतम साक्षरता र सीप विकास गर्नका लागि सामाजिक संघ संस्थाका अतिरिक्त विद्यालयका शिक्षक विद्यार्थी परिचालन गरिनेछ ।

ख) नगरपालिकामा बसोवास गर्ने १५ वर्ष र सो भन्दा माथिका नवसाक्षरहरु र साक्षरता सिप हासिल गर्न नसकेका नागरिकहरुको विद्यालयका शिक्षक र विद्यार्थी परिचालन गरी तथ्याङ्क संकलन गरी पहिचान गरिनेछ ।

ग) दुई वर्ष भित्रमा अभियानका रुपमा साक्षरता कक्षा सञ्चालन गरी निराक्षरता उन्मुलन गरिनेछ ।

घ) हाल सामुदायिक सिकाइकेन्द्र नभएका १० वटा वडामा एक एक वटा सामुदायिक सिकाइकेन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

ङ) सामुदायिक सिकाइ केन्द्रमा एक जना एसईई उत्तीर्ण महिला सहजकर्ताको व्यवस्था गरी दैनिक दुइ घण्टा केन्द्र सञ्चालनको व्यवस्था गरिनेछ ।

च) सामुदायिक सिकाइ केन्द्रमा दैनिक व्यवहारसँग सम्बन्धि प्राविधिक सिप सिकाइनेछ ।

छ) कम्प्युटरको व्यवस्था गरी डिजीटल साक्षरता सिप विकासको समेत अवसर उपलव्ध गराइनेछ ।

ज) सामुदायिक सिकाइ केन्द्रमा बालबालिका देखि किशोर युवा प्रौढ सबै नागरिकका लागि उपयोगी सिकाइ सामग्रीको व्यवस्था गरिनेछ ।

झ) साक्षर र नवसाक्षर युवालाई उद्यमशीलता विकासका लागि वित्तिय साक्षरताको तालीम प्रदान गरिनेछ ।

ञ) औपचारिक शिक्षामा जोडिन चाहने नवसाक्षर युवालाई अनौपचारिक तथा वैकल्पिक शिक्षाका माध्यमबाट विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले निर्धारण गरे बमोजिमको सिकाइ क्षमतास्तरको आधारमा संस्लेषित पाठ्यक्रमको माध्यमबाट थप अध्ययनको अवसर उपलव्ध गराइनेछ ।

ट) यसका लागि तथ्याङ्कका आधारमा नजिकको विद्यालयलाई केन्द्र मानी सेवा सञ्चालनमा ल्याइनेछ ।

ठ) यो कार्यक्रम सञ्चालन गर्दा संघीय सरकारले राखेको मापदण्डको परिधि भित्र रही प्रदेश सरकार र स्थानीय साझेदार संस्थाहरुसँग समन्वय गरिनेछ ।

४.५.७ कार्य योजना

क्र सं	कार्यक्रम	प्रगति वर्ष					बजेट रु हजारमा	कैफियत	स्रोत
		२०८०	२०८१	२०८२	२०८३	२०८४			
१	तथ्याङ्क संकलन	३२५	०	०	०	०	३२५	१३ वडा x २५ हजार	नगरपालिका र संघसंस्था
२	साक्षरता कक्षा सञ्चालन	१३००	१३००	०	०	०	२६००	२ वर्षमा	
३	सामुदायिक सिकाइकेन्द्रको स्थापना	०	२००	०	०	०	२००	१० वटा वडामा एक एक वटा	नगरपालिका र संघसंस्था
४	नव नियुक्त सहजकर्ताको सुविधा	०	१०४०	१०४०	१०४०	१०४०	४१६०	१३ महिनाको १० जनालाई मासिक ८ हजारका दरले	
५	प्राविधिक सिप	१००	३२५	३२५	३२५	३२५	१४००	१ केन्द्र २५ हजार	
६	सामुदायिक सिकाइकेन्द्रमा कम्प्युटरको व्यवस्था	४००	४५०	४५०	४५०	४५०	२२००	१३ वटामा	
७	सिकाइ सामग्रीको व्यवस्था	२०	६५	६५	६५	६५	२८०	१३ वटामा	
८	वितीय साक्षरताको तालिम सञ्चालन	२००	६५०	६५०	६५०	६५०	२८००	१३ वटामा	
	जम्मा	२३४५	४०३०	२५३०	२५३०	२५३०	१३९६५		

४.६ विद्यालय सुशासन

४.६.१ परिचय

गुणस्तरीय शिक्षाका लागि विद्यालयको भौतिक व्यवस्थापन, शिक्षक प्रबन्ध तथा विद्यार्थी कक्षामा उपस्थित भएर मात्र पुग्दैन । यसका लागि विद्यालयमा सबै गतिविधिहरु नियमित रुपमा सञ्चालित भइ शैक्षिक सुशासन पनि कायम भएको हुनु पर्दछ । यस खण्डमा भेरी नगरपालिकाका विद्यालयमा समयपालना, कार्य विभाजन, साधन स्रोतको अधिकतम सदुपयोग, जवाफदेहीता, अनुगमन तथा सुपरीवेक्षण, विद्यार्थीमैत्री वातावरणको सिर्जना र शिक्षकको उत्प्रेरणा जगाउने कार्यका लागि गरिने सम्पूर्ण प्रयत्नलाई उल्लेख गरिएको छ ।

४.६.२ वर्तमान अवस्था

यस नगरपालिकाका विद्यालय पचासौँ बर्ष देखी सञ्चालनमा आइ नियमितरुपले सञ्चालन भइरहेकाले नवस्थापित संस्था जस्तो अलमल्लको अवस्थामा नभएपनि परिवर्तित सन्दर्भमा सुधारका लागि थप पहल गर्नु पर्ने ठाउँहरु प्रशस्त देखिन्छन् । नगरपालिकाको शिक्षालाई व्यवस्थित र मर्यादित बनाउनका लागि कानुन निर्माण गर्ने कार्य समेत बाँकी छ भने शिक्षालाई गतिदिनका लागि नगरस्तरीय शिक्षा समितिको गठन समेत नभएको अवस्था छ । कतिपय विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभवक संघको गठन समेत भएको छैन । नगरपालिकाको शिक्षा शाखामा शिक्षा प्राविधिकको अभावका कारण विद्यालयमा नियमित सुपरीवेक्षण गरी प्राविधिक सेवा दिन सकिएको छैन । धेरै विद्यालयका प्रधानाध्यापक तथा शिक्षकमा शैक्षिक तथ्याङ्क भर्ने सीपको विकास गर्नु पर्ने अवस्था छ । केही विद्यालयमा संघीयता पूर्व निर्माणका कार्यमा भएको खर्चको बेरुजू विद्यमान छ जसको व्यवस्थापन गर्नु पर्ने छ । विद्यालयको संस्थागत क्षमताको विकास गरी प्रत्येक पदाधिकारीलाई जवाफदेही बनाउनु पर्ने अवस्था छ । कतिपय विद्यालयमा सामाजिक परिक्षण नहुनाले लेखा परिक्षण अवरुद्ध भएको छ । वजेटको अपर्याप्तताका कारणले उपलव्ध भएको स्रोत आवश्यकतानुसार खर्च गर्नु पर्दा थप वेरुजु हुने अवस्था छ ।

४.६.३ चुनौति

क) बजेटको अपर्याप्ततामा सुधार ल्याउनु पर्ने ।

ख) नगर शिक्षा समितिलाई सक्रिय बनाउनु पर्ने ।

ग) नगरपालिकाको शिक्षा ऐन र नियमावली जारी गर्नु पर्ने ।

घ) सबै विद्यालयमा कानुनले तोके बमोजिमको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन गर्नु पर्ने ।

ङ) कतिपय विद्यालयका प्रधानाध्यापकको योग्यता कानुनले तोकेबमोजिमको कायम गर्नु पर्ने ।

च) प्रधानाध्यापकलाई तालिम दिइ काममा पूर्ण जिम्मेवार बनाउनु पर्ने ।

छ) जुन शिर्षककालागि बजेट प्राप्त भएको हो सोही शिर्षकमा मात्र खर्च गर्ने प्रबन्ध गराउनु पर्ने ।

ज) विद्यालयका पूराना वेरुजु फर्छ्यौट गराउनु पर्ने ।

झ) विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधार विकास गराउनु पर्ने ।

ञ) विद्यालयमा सिकाइ समयको पूरा पालना गराउनु पर्ने ।

ट) नियमित अनुगमन र सुपरीवेक्षणको व्यवस्था गर्नु पर्ने ।

ठ) प्रत्येक विद्यालयबाट शैक्षिक व्यवस्थापन सूचना प्रणाली अद्यावधिक गर्नुका साथै तत्काल प्रतिवेदन गर्ने सीपको विकास गराउनु पर्ने

४.६.४ उद्देश्यः

विद्यालयहरुको संस्थागत क्षमता विकास गर्दै शैक्षिक सुशासन कायम गर्नु ।

४.६.५ रणनितिः

कानुन बमोजिम बन्ने विद्यालयीय संरचनालाई अद्यावधिक गर्दै ती निकायहरुको क्षमता विकास गरी शैक्षिक सुशासन कायम गर्न जवाफदेही बनाउने ।

४.६.६ कार्यनीतिः

क) शिक्षाका लागि वार्षिक बजेटको हिस्सामा बृद्धि गरिनेछ ।

ख) सबै विद्यालयहरुमा योग्यता पुगेका प्रधानाध्यापकको व्यवस्था गरिनेछ ।

ग) विद्यालयका पूराना वेरुजु फर्छ्यौट गराइनेछ ।

घ) विद्यालयमा सिकाइ समयको पूरा पालना गराइनेछ ।

४.६.७ कार्यक्रमः

क) नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को संशोधन सहित अद्यावधिक र नियमावली निर्माण

ख) नगर शिक्षा समितिको गठन

ग) सबै विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन

घ) नियमित अनुगमन र सुपरीवेक्षणको व्यवस्था

ङ) सबै प्रधानाध्यापकलाई विद्यालयको समग्र प्रगतिको अनलाइन प्रतिवेदन सफ्टवयर र व्यवस्थापनको तालिम

च) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई विद्यालयको व्यवस्थापनका सम्बन्धमा अभिमुखीकरण

४.६.८ कार्य योजना

क्र सं	कार्यक्रम	प्रगति वर्ष					बजेट रु. हजारमा	कैफियत	स्रोत
		२०८०	२०८१	२०८२	२०८३	२०८४			
१	स्थानीय शिक्षा ऐन, २०७४ को संशोधन र नियमावली निर्माण	५०	०	०	०	०	५०	एक पटक	नगरपालिका
२	नगर शिक्षा समितिको गठन र परिचालन	५०	५०	५०	५०	५०	२५०	दुई दुई वर्षमा गठन	नगरपालिका
३	विद्यालय विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन	५०	०	५०	०	५०	१५०	दुई दुई वर्षमा गठन	नगरपालिका
४	नियमित अनुगमन र सुपरीवेक्षण	५०	५०	५०	५०	५०	२५०	निरन्तर	नगरपालिका
५	प्रधानाध्यापक तालीम	१००	१००	१००	१००	१००		हरेक वर्ष	नगरपालिका
६	वि व्य स र शि अ संघ अभिमुखीकरण	१,१२०	०	१,१२०	०	१,१२०	३३६०	नवनियुक्तलाई	नगरपालिका र संघसंस्था
	जम्मा	१४२०	२००	१३७०	२००	१३७०	४५६०		

परिच्छेद ५ – कार्यान्वयन तथा अनुगमन व्यवस्था

५.१ परिचय

कुनै पनि योजना प्रभावकारी ढंगबाट कार्यान्वयन भइ अपेक्षीत लक्ष्य अधिकतम हासील गराउने उद्देश्यबाट बनाइन्छ । यस खण्डमा उक्त योजनाको कार्यान्वयनको प्रमुख जिम्मेवार व्यक्तिहरु, सफल कार्यान्वयनको सूचक, जिम्मेवार व्यक्तिहरुबाट गरिने प्रतिवेदन तथा उक्त योजना कार्यान्वयनको अनुगमन प्रणालि आदि जस्ता विषयमा विषय उल्लेख गरिएको छ । कार्यान्वयन तथा अनुगमनमा चनाखो हुनाले योजनाले गति लिन्छ र अपेक्षाकृत परिणाम प्राप्त हुन्छ ।

५.२ योजना कार्यान्वयनको जिम्मेवारी

यो योजना कार्यान्वयनको प्रमुख नेतृत्व भेरी नगरपालिकाले गर्नेछ । नगरपालिकाको नेतृत्वमा नगरकार्यपालिका, नगरसभा, नगर शिक्षा शाखा, विद्यालयहरु, अभिभावकहरु र स्थानीय संघ संस्थाको संयुक्त पहलमा कार्यान्वयनमा ल्याइनेछ ।

५.३ श्रोत विश्लेषण

५.३.१ बजेट बिनियोजनको अवस्था

बिगत ३ वर्षमा भेरी नगरपालिकाले विनियोजन गरेको वार्षिक बजेट तथा कार्यक्रमलाई हेर्दा नगरपालिकाको कुल बजेटको वार्षिक बृद्धि दर १० प्रतिषत रहेको देखिन्छ । कुल बजेट मध्ये सामाजिक बिकास क्षेत्रको अंश औषतमा ६.०१५ प्रतिशत देखिन्छ । कुल सामाजिक क्षेत्रको बजेट भित्र शिक्षा क्षेत्रको मात्र बजेटलाई हेर्ने हो भने ५४.२२ प्रतिशत रहेको देखिन्छ । नगरपालिकाको कुल बजेट भित्र शिक्षा क्षेत्रको लागि छुट्टाईएको बजेटको अंश भने औषतमा ३.५ प्रतिशत रहेको देखिन्छ (तालिका ५.१) । तर यो बजेटमा शैक्षिक पूर्बाधारको लागि छुट्टाइने बजेट भने समाबेस भएको छैन ।

तालिका नं. ५.१: नगरपालिकामा बजेट बिनियोजनको अवस्था

आ. व.	जम्मा बजेट	सामाजिक विकास क्षेत्रको बजट	सामाजिक क्षेत्रको बजेट प्रतिशत	शिक्षा क्षेत्रको बजेट	कुल बजेटमा शिक्षाको प्रतिशत	सामाजिक क्षेत्रको बजेटमा शिक्षाको प्रतिशत
आ व ०७७/०७८	५७९,२५८,८००	३५५४६०००	६.१४	१६५०००००	२.८५	४६.४२
आ व ०७८/०७९	६१९,०४०,०००	-	–	२५४०००००	४.१०	–
आ व ०७९/०८०	७०५७३७०००	४१६०००००	५.८९	२५८०००००	३.६६	६२.०२

श्रोत: भेरी नगरपालिका २०७९

यस योजनामा व्यक्त भएका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्नको लागि भने अहिले शैक्षिक क्षेत्र बिकासको लागि जत्ति बजेट बिनियोजन भैरहेको छ त्यो भने पर्याप्त नहुने देखिन्छ ।

५.३.२ आम्दानी अनुमान

भेरी नगरपालिकाले बिगत ३ वर्षमा बिनियोजन गरेको बजेटलाई हेर्ने हो भने शिक्षा क्षेत्रमा पुर्बाधार बिकास बाहेक पछिल्लो आर्थिक वर्षमा २ करोड २८ लाख बिनियोजन भएको देखिन्छ । बिगत वर्षहरुको बजेट बृद्धिदरलेई हेर्ने हो भने १० प्रतिशतको आसपास रहने अनुमान गर्न सकिन्छ । यदि शिक्षा क्षेत्रको बजेटमा समेत १० प्रतिशतले नै बृद्धि हुने हो भने आगामी ५ वर्षमा यस क्षेत्रमा १५ करोड ७५ लाख बजेट विनियोजन हुन सक्ने देखिन्छ । यसमा शैक्षिक पुर्बाधारको लागि वार्षिक २ करोड विनियोजन हुन सकेमा आगामी ५ वर्षमा शिक्षा क्षेत्रको बजेट २५ करोड हुने देखिन्छ ।

५.३.३ खर्च अनुमान

यस योजनाले आगामी ५ वर्ष भित्र ५५ वटा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ । यसमा बालविकास देखि माध्यमिक तह सम्मका क्षमता बिकास देखि भौतिक पुर्बाधार सम्मका कार्यक्रमहरु समेटिएका छन् । यो सम्पुर्ण कार्यक्रमहरु सञ्रालन गर्नको लागि रु. ७१ करोड ५८ लाख बराबरको खर्च आवश्यक पर्ने अनुमानग गरिएको छ (तालिका ५.२) ।

तालिका नं. ५.२: आवधिकस शैक्षिक योजनाको लागि खर्च अनुमान

क्र सं	कार्यक्रम	बजेट रु हजारमा
क	**बालविकास र शिक्षा**	३२९२५
१	थप १० वटा नयाँ केन्द्रको तयारी	२५
२	नयाँ केन्द्रमा न्यूनतम भौतिक पूर्वाधार विकास	५०००
३	पुराना ४४ केन्द्रमा न्यूनतम भौतिक पूर्वाधार थप	५०००
४	नयाँ केन्द्रमा महिला शिक्षकको व्यवस्था	९७५०
५	सबै शिक्षकलाई वर्षमा ५ दिनको तालीम	२९००
६	वडामा एउटा केन्द्रको नमूना विकास	६५००
७	थप गरिएका केन्द्रमा दिवा खाजाको व्यवस्था	३७५०
ख	**आधारभूत शिक्षा**	**३३९३९२.८**
१	विद्यालय समायोजन	२५

क्र सं	कार्यक्रम	बजेट रु हजारमा
२	कक्षा ७--८ मा थप दिवा खाजा कार्यक्रम	२१५६२.५
३	विद्यालय न्यूनतम भौतिक पूर्वाधार विकास	२५००००
४	थप शिक्षक तलव भत्ता (क) प्रावि	१८८६४.२९
	(ख) नि मा वि	२९९४०
५	पुस्तककुना, सिकाइ सामग्रीको प्याकेज, खेल सामग्री र न्यूनतम वाद्यवादनका सामग्री सहयोग	२५००
६	नमूना विकास	११७००
७	बालक्लब गठन तथा परिचालन	०
८	स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास	४८००
ग	**माध्यमिक शिक्षा**	३०७५२७
१	भौतिक पूर्वाधार विकास	१०००००
२	पुस्तकालय सहयोग	१३००
३	इन्टर्नेट सहितको कम्प्युटर कक्ष स्थापना	१००००
४	विज्ञान प्रयोशाला	१००००
५	सिकाइ सामग्री सहयोग	२५००
६	नमूना विकास	१३०,०००
७	कुनै एक मा वि मा बालिविज्ञान विषयमा प्राविधिक धारको कार्यक्रम सञ्चालन	९०००
८	बालक्लब गठन तथा परिचालन	०
९	कक्षा १० सञ्चालनमा रहेका विद्यालयलाई संभाव्यताका आधारमा कक्षा १२ मा स्तरोन्नती	१२००
१०	विद्यालय विकासका लागि स्थानीय क्याम्पसबाट गरिने अनुसन्धान	१२००
११	विद्यालय स्वास्थ्य सेवा प्याकेज	५०००
१२	विद्यालय खेलकुद कार्यक्रम	५०००
१३	उच्चतहमा अध्ययनका लागि छात्रवृत्ती	७०००
१४	थप शिक्षक तलव भत्ता	२५३२७.१
घ	**शिक्षक पेसागत विकास**	१७,५०५
१	दरवन्दी मिलान	५०
२	विषगत शिक्षक तालिम	२५००
३	कम्प्यूटर तालिम उपलव्ध गराउने ।	२५००
४	शिक्षकलाई विशेष सुविधा दिनका लागि अध्ययन गर्न कार्यदलको गठन	२५
५	कार्यदलले सुझाए बमोजिमको विशेष सुविधाको प्याकेज	४०००
६	अन्तरविद्यालय भ्रमण	२५०

क्र सं	कार्यक्रम	बजेट रु हजारमा
७	प्राविधिकधारका शिक्षक क्षमता विकासका लागि सेमीनार तथा कार्यशाला	१५०
८	आधारभूत तहका शिक्षकको क्षमता विकास तालीम	१५००
९	विद्यालयलाई उपलब्धिका आधारमा पुरस्कार स्वरुप अनुदान सहयोग	२,०००
१०	विद्यालयमा कार्यरत थप कर्मचारीलाई तलब सुविधा	४८७५
११	विद्यालयमा कार्यरत कर्मचारीलाई क्षमता विकास तालीम	२५५
१२	विद्यालय नेतृत्व विकास तालिम	१४००
ङ	**साक्षरता तथा निरन्तर शिक्षा**	१३९६५
१	तथ्याङ्क संकलन	३२५
२	साक्षरता कक्षा सञ्चालन	२६००
३	सामुदायिक सिकाइकेन्द्रको स्थापना	२००
४	नव नियुक्त सहजकर्ताको सुविधा	४१६०
५	प्राविधिक सिप	१४००
६	सामुदायिक सिकाइकेन्द्रमा कम्प्युटरको व्यवस्था	२२००
७	सिकाइ सामग्रीको व्यवस्था	२८०
८	वित्तीय साक्षरताको तालिम सञ्चालन	२८००
च	**विद्यालय सुशासन**	४५६०
१	स्थानीय शिक्षा ऐन, २०७४ को संशोधन र नियमावली निर्माण	५०
२	नगर शिक्षा समितिको गठन र परिचालन	२५०
३	विद्यालय विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन	१५०
४	नियमित अनुगमन र सुपरीवेक्षण	२५०
५	प्रधानाध्यापक तालीम	
६	वि व्य स र शि अ संघ अभिमुखीकरण	३३६०
	जम्मा	७१५,८७४.८०

माथिको विश्लेषण अनुसार, योजना अवधिमा अहिलेकै संयन्त्रबाट रु २५ करोडको हाराहारी आम्दानी हुने देखिन्छ भने योजनाले लिएको लक्ष्य अनुसारको कार्यक्रमहरु सञ्चालन गर्न रु. ७१ करोड ५८ लाख खर्च आवश्यक पर्ने देखिन्छ । यस विश्लेषणले यो योजना केहि महत्वकांक्षी भएको देखिन्छ । तर शैक्षिक क्षेत्रमा देखिने गरीको परिबर्तन ल्याउनको लागि नेतृत्व बर्गको प्रयत्न रहेमा यो महत्वकांक्षी योजनालाई कार्यन्वयन गर्न समस्या नपर्ने देखिन्छ ।

५.४ स्रोत परिचालन तथा योजना कार्यान्वयन

यो योजना कार्यान्वयनमा ल्याउन संघीय र प्रदेश सरकारबाट प्राप्त हुने बजेटका अतिरिक्त नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रम बनाउँदा आवश्यक बजेटको व्यवस्था गर्दै क्रमशः

कार्यान्वयन गर्नेछ । यस योजनाका कतिपय कार्यक्रम कार्यान्वयन गर्नका लागि समुदाय र गैह्रसरकारी स्तरबाट प्राप्त हुने स्रोतलाई समेत परिचालन गरिनेछ । कार्यक्रममा उल्लेखित कतिपय गतिविधिहरु विनाबजेट कार्यान्वयन गर्न समेत सकिनेछ ।

यस योजनामा उल्लेख गरिएको बजेट कार्यान्वयन गर्ने आधार प्रचलित कानुन बमोजिमको नेपालको सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली र शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट सालवसाली प्रकाशित हुने कार्यक्रम कार्यान्वयन पुस्तिकालाई मान्नु पर्नेछ । यस योजनाले प्रस्ताव गरेका कार्यक्रम कार्यान्वयनका लागि लाग्ने थप बजेट विगत ३ वर्षको आयको विश्लेषण गरी राखिएको छ ।

श्रोत परिचालनको लागि नगरपालिकाले लिने नितिहरु:

१. शिक्षा क्षेत्रको बजेटमा बढोत्तरी गर्ने ।
२. यसै आवधिक योजनाको आधारमा संघीय सरकार र प्रदेश सरकारसँग बजेट बृद्धिको लागि अनुरोध गर्ने ।
३. शैक्षिक पुर्बाधारहरुको डिपिआर तयार गरी सँघीय तथा प्रदेशको बजेटमा समाबेश गर्न पहल गर्ने ।
४. समपुरक कोषकोमा बजेटको बृद्धि गरी सँघीय तथा प्रदेश सरकार र बिकास साझेदारहरुसँग सहकार्य गर्ने ।
५. कार्यक्रमहरुको प्रकृतिको आधारमा संघसंस्था तथा बिकास साझेदारहरुलाई श्रोत लगानी सहित कार्यान्वयनको लागि आह्वान गर्ने ।

५.५ अनुगमन योजना

यो योजना कार्यान्वयन गर्ने प्रत्यक्ष जिम्मेवारी नगरपालिकाको हो भने यसको कार्यन्वयनको अनुगमन गर्ने दायित्व पनि नगरपालिकाको नै हुनेछ । वार्षिक समिक्षाहरुमा यसको समिक्षा हुनु पर्ने हुन्छ भने ३ वर्ष पछि यसको मध्यावधिक मुल्याङ्कन गरिनेछ । यस मुल्याङ्कनले देखाएका सुझावहरुको आधारमा यसको अध्यावधिक गरेर यसलाई कार्यन्वयग गरिने छ । यसको नियमित अनुगमन नगरपालिकाको अनुगमन समिति मार्फत हुने छ र यसको प्रतिवेदन नगरपालिकाको शिक्षा शाखामा संग्रह हुने गरी गरिनेछ । योजनाको अनुगमनमा विद्यालयका प्रधानाध्यापक, नगरकार्यपालिकाका पदाधिकारीहरु, नगरपालिकाका प्रशासनिक कर्मचारीहरु र नगरपालिकाले खटाएका विषय विज्ञहरु परिचालित हुन सक्नेछन् । योजना अनुगमनको प्रतिवेदन नगरकार्यपालिकाको बैठकमा प्रस्तुत गरिनेछ ।

अनुसूचीहरु

अनुसूची १: सूचना संकलन फार्म

आवश्यक शैक्षिक सूचकहरु

१. ECD

क्र सं	सूचक	हालको अवस्था	
१	कुल भर्ना दर		
२	चार वर्षका बालबालिकाको भर्ना अनुपात		
३	न्यूनतम योग्यता पुगेका शिक्षक		
४	आधारभूत तालिम प्राप्त शिक्षक		
५	कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकास तथा शिक्षाको अनुभव प्रप्त बालबालिकाको प्रतिशत		

आधारभूत शिक्षा

क्र सं	सूचक	हालको अवस्था	
१	कक्षा १ मा कुल प्रवेश दर		
२	कक्षा १ मा खुद प्रवेश दर		
३	कक्षा १-५ मा कुल भर्ना दर		
४	कक्षा १-५ मा खुद भर्ना दर		
५	कक्षा १-८ मा कुल भर्ना दर		
६	कक्षा १-८ मा खुद भर्ना दर		
७	कक्षा १- मा खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क		
८	कक्षा १-८ मा टिकाउ दर		
९	आधारभूत शिक्षामा तह पूरा गर्ने दर		
१०	५-१५ वर्ष गरेका विद्यालय वाहिर रहेका बालबालिकाको प्रतिशत		

माध्यमिक शिक्षा

क्र सं	सूचक	हालको अवस्था	
१	कुल भर्ना दर कक्षा ९-१०		
२	खुद भर्ना दर कक्षा ९-१०		
३	कुल भर्ना दर कक्षा ९-१२		
४	खुद भर्ना दर कक्षा ९-१२		
५	कुल भर्ना दर कक्षा ११-१२		
६	खुद भर्ना दर कक्षा ११-१२		
७	कक्षा १० सम्मको टिकाउ दर		
८	कक्षा १२ सम्मको टिकाउ दर		
९	कक्षा १-१२ मा खुद भर्ना दरका आधारमा लैङ्गिक समत सूचकाङ्क		

अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ

क्र सं	सूचक	हालको अवस्था	
१	५ वर्ष माथीका साक्षरता दर		
२	१५-२४ वर्षको साक्षरता दर		
३	१५ वर्षे माथीको साक्षरता दर		

महिला शिक्षक प्रतिशत

क्र सं	सूचक	हालको अवस्था	
१	आधारभूत तह		
२	माध्यमिक तह		

प्राथमिकता प्राप्त नुयूनतम सक्षमता पूरा गरेका विद्यालय प्रतिशत

क्र सं	सूचक	हालको अवस्था	
१	ECD		
२	आधारभूत		
३	माध्यमिक		

पालिकाको बजेटमा शिक्षाको प्रतिशतः

विद्यालय र शिक्षक संख्या

क्र सं	विद्यालयको नाम	वडा नं	सञ्चालित कक्षा	स्वीकृत शिक्षक दरवन्दी				राहत शिक्षक कोटा				कार्यरत शिक्षक		
				प्रावि	निमावि	मावि	उमावि	प्रावि	निमावि	मावि	उमावि	जम्मा	पुरुष	महिला

१														
२														
३														
४														

विद्यार्थी संख्या

क्र सं	विद्यालयको नाम	वडा नं	सञ्चालित कक्षा	विद्यार्थी संख्या											
				ECD			प्रावि			निमावि			मा वि		
				छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
१															
२															
३															
४															
	कुल														

दलित विद्यार्थी संख्या

क्र सं	विद्यालयको नाम	वडा नं	सञ्चालित कक्षा	दलित विद्यार्थी संख्या											
				ECD			प्रावि			निमावि			मा वि		
				छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
१															
२															
३															
	कुल														

अनुसूची २: योजना तर्जुमा कार्यशाला तथा प्रमाणीकरण गोष्ठीको उपस्थिति विवरण

क. योजना तर्जुमा कार्यशाला



आज मिति २०७९ कार्तिक २३ गते बुधवारका दिन यस भेरी नगरपालिका नगर कार्यपालिका उप.प्रमुख श्री सिता जैसीको अध्यक्षतामा भेरी नगरपालिकाको आवधिक ५ वर्षे शिक्षा योजनाको प्रारम्भिक योजना तर्जुमा गोष्ठि तपसिलको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति

१. श्री सिता जैसी - उप प्रमुख - भेरी नगरपालिका
२. श्री कृष्ण प्रसाद जैसी - प्रमुख प्रशासकीय अधिकृत
३. श्री दिपक राना - वडाध्य वडा नं. १
४. श्री भीम ब. कार्की " २
५. श्री लिला ब. शाह " ३
६. श्री वसन्त शर्मा " ४
७. श्री लाल ब. चन्द " ५
८. श्री रासिराम बुढा " ६
९. श्री दिप ब. शाही " ७
१०. श्री विर ब. चन्द " ८
११. श्री हिरा प्रसाद जैसी शर्मा " ९
१२. श्री दल ब. राना " १०
१३. श्री लक्ष्मी प्रसाद जैसी " ११
१४. श्री भक्त ब. मल्ल " १२
१५. श्री यज्ञ ब. वटाला " १३
१६. श्री डोटे बादी कार्यपालिका सदस्य
१७. श्री लिलादेवी गौतम —"— "
१८. श्री मतिराम परियार —"— "
१९. श्री सजना धर्ती —"— "
२०. श्री काली खत्री —"— "
२१. श्री गोपाल लोहार —"— "
२२. श्री मोति नेपाली —"— "
२३. श्री भिमाकुमारी पुन —"— "
२४. श्री दल बहादुर धर्ती — अधिकृत हेरो
२५. श्री अनिश शाह — अधिकृत हेरो
२६. श्री प्रकाश वटाला — अधिकृत हेरो
२७. श्री खेम पुन — जनस्वास्थ्य निरिक्षक

२८. डा. बाबुराम ढुंगाना — निर्देशक, पाठ्यक्रम विकास केन्द्र
२९. विपना पाँडेल — महिला विकास निरीक्षक भेरी नगरपालिका जा.
३०. यज्ञ व अधिकारी — कृषी शाखा प्रमुख
३०. रश्मी बाई — रोजगार शाखा प्रमुख
३१. युवराज शेखाय — अन्हे०वी.
३२. कृष्ण अधिकारी — सहकर्मी समाज जाजरकोट
३३. अमृत व. पुन — अधिकृत शिक्षा
३४. प्रकाश राई — परामर्श समूह CSDS
३५. चित्र बहादुर बली — प्रा. स. (शिक्षा) भेरी नगरपालिका
३६. सूर्य प्रसाद लामसाल — IT officer
३७. गंगा शाही — परामर्शदाता CSDS
३८. राजेन्द्र बहादुर कठायत — लेखापाल
३९. नरेश कुमार वि. उ. — का. सहयोगी
४०. भरत शर्मा — पत्रकार
४१. सावित्रा शाही — का. सहयोगी

निर्णयहरु:

निर्णय नं. १: भेरी नगरपालिकाको आवधिक शिक्षा योजना तर्जुमा सम्बन्धी प्रारम्भिक कार्यशाला गोष्ठी विविध कार्ययोजना सहित सम्पन्न गरीयो।

ख. योजना प्रमाणीकरण गोष्ठी

आज मिति: २०७९ पौष १३ गते तेर दे जोम (TDM) / सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा०लि० को प्राविधिक सहयोग र भेरी नगरपालिकाको साझेदारीमा तर्जुमा हुन गइरहेको आवधिक शिक्षा योजना (आ.व. २०८०/८१ - २०८४/८५) को पहिलो मस्यौदा प्रमाणिकरण कार्यशाला गोष्ठी भेरी नगरपालिका वा नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्यूको अध्यक्षतामा निम्नानुसार उपस्थितिमा सम्पन्न गरीयो।

उपस्थिति

श्री चन्द्र प्रकाश घर्ती	नगर प्रमुख	भेरी नगरपालिका
श्री सिता जँशी	नगर उप-प्रमुख	भेरी नगरपालिका
श्री आनेश शाह	नि० प्रमुख प्रशासकीय अधिकृत	
श्री दिपक राना	वडा अध्यक्ष	वडा नं. १
श्री भिम ब० कार्की	" —	" २
श्री लिला ब० शाह	" —	" ३
श्री बसन्त शर्मा	" —	" ४
श्री लाल ब० चन्द	" —	" ५
श्री शशिराम बुढा	" —	" ६
श्री दिप ब० शाही	" —	" ७
श्री विर ब० चन्द	" —	" ८
श्री हिरा प्रसाद जँशी	" —	" ९
श्री दल बहादुर राना	" —	" १०
श्री लक्ष्मी प्रसाद जँशी	" —	" ११
श्री भक्त बहादुर मल्ल	" —	" १२
श्री यज्ञ बहादुर बटाला	" —	" १३
श्री गोपाल लुवार	कार्यपालिका सदस्य	
श्री मणिराम दमाई	कार्यपालिका सदस्य	
श्री लिला गौतम	" —	"
श्री भिम कुमारी पुन	" —	"
श्री काली खत्री	" —	"

श्री प्रकाश चन्द अध्यक्ष श्रीगवेश सामुदायिक शिकाई केन्द्र भेरी न.पा.-३

श्री कर्ण बहादुर शाही प्र०अ० श्री त्रिभुवन आ०वि० रिसाड

श्री देवबहादुर शाही — निर्वाचित अध्यक्ष (श्री सरस्वती मा.वि. भैरवनगरपालिका)
सदस्य श्री अच्युत प्रसाद शर्मा — प्र.अ. श्री रामजानकी मा.वि. भैरवी न.पा.-४
श्री डोटी नेपाली — गाउँपालिका सदस्य, भैरवी न.पा.
श्री सिजना घर्ति — गाउँपालिका सदस्य, भैरवी न.पा.
श्री प्रकाश कुमार शाही — काठ्ठा आधिकृत भैरवी न.पा.
श्री अमृत बहादुर घुन — आधिकृत हैरैं.शिक्षा भैरवी न.पा.
श्री धन बहादुर रोकाय — आलेप भैरवी न.पा.
श्री हिरा नेपाली — उपप्रमुख शाखा भैरवी नगरपालिका
श्री धनलाल राना — सहायक चौथो भैरवी न.पा.
श्री शारदा शर्मा — ल.न.वि.नि. भैरवी न.पा.
श्री रेनुका थापा — पान्जिकरण शाखा
श्री धन बहादुर रोकाय — आन्तरिक लेखापरिक्षण शाखा
श्री युवराज रोकाय — श्री.न.फा. (अ.इ.व)
श्री कमलदेव बस्नेत — आर्थिक व्यवस्थापक नया जेठ
श्री सम्झिता घर्ति — प्रशासन शाखा
श्री सुर्य प्र. लम्साल — सूचना अ.
श्री विपना जोशी — न.वि.नि
श्री सरस्वती लेकम — का.स
श्री सुरेन्द्र ब. बली — अध्यक्ष - नेपाल शिक्षक महासंघ (भैरवी नगरपालिका)
श्री निम बहादुर भण्डारी — शिक्षण सहायक शितल बालमा हाईस्कुल
डा. बाबुराम कुइँना — सहयोगी / शिक्षा विज्ञ (CSDS)
श्री गंगा के शाही — सहयोगी (CSDS)

निर्णयहरु:

निर्णय नं. १: भैरवी नगरपालिकाको अनावधिक शिक्षा योजना प्रभावकारी कार्यशाला गोष्ठीमा समूह विभाजन मार्फत विविध सुझावहरु समेत कार्यशाला गोष्ठी सम्पन्न गरीयो।

निर्णय नं. २: भैरवी नगरपालिकाको उक्त आवधिक शिक्षा योजना लाई कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव समेत लाई समेटी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने नगर शिक्षा समितिमा पेश गर्ने निर्णय गरीयो।

अनुसूची ३: कार्यक्रमका झलकहरु

योजना तर्जुमा तथा योजना प्रमाणीकरणमा सहभगीहरु